# संघीय संसद

# राष्ट्रिय सभा

# सोह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २९ जेठ २०८१

# मङ्गलबार

# बैठक सङ्ख्या- १४

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१५ बजे प्रारम्भ भयो।

(१३:१८ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई एक एक मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम, माननीय कमला पन्त।

(१३:१८ बजे) <u>माननीय कमला पन्त (सभापति, विकास, आर्थिक मामिला तथा सुशासन समिति</u>:- सम्माननीय अध्यक्ष महोदय, हामी जनजीविकाका विषयलाई लिएर शून्य समय र विशेष समयमा बोल्ने गर्छौं।विशेष समयमा उठाएका विषय र विशेषतः शून्य समयमा छोटो समयमा धेरै कुराहरू माननीयहरूले हामीले राखेका हुन्छौं तर कुनै पनि विषयमा सरकारले जवाफदेहिता महसुस गरेको जस्तो मलाई लागेन। कम्तीमा पनि अध्यक्ष महोदय बुझ्नुहुन्छ। किन कुरा उठाउँछन् सदस्यहरूले, कसलाई सुनाउन उठाउँछन्। विषयवस्तुको बारेमा गम्भीर भएर सरकारले कम्तीमा पनि हप्ताको एकचोटि शून्य समय र विशेष समयमा उठाएका विषयहरूलाई सरकारले सचेत भएर

त्यसको बारेमा जवाफ दिने परिपाटीको विकास होस्, म सम्माननीय अध्यक्ष महोदयसँग यो विषयमा अनुरोध गर्दछु। धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य कृष्ण प्रसाद पौडेल।

(१३:२० बजे) **<u>कृष्ण प्रसाद पौडेल (नेपाली काङ्ग्रेस)</u>**- सम्माननीय अध्यक्षज्यू, मौसमविद्का अनुसार यो वर्ष सरदरभन्दा बढी पानी पर्ने अनुमान गरिएको छ। पहाडमा पहिरो, तराईमा बाढी र डुबानका कारण करीब १८ लाखभन्दा बढी नागरिक चाहिं प्रभावित हुनसक्ने अनुमान गरिएको सन्दर्भमा बाढी पहिरोको उच्च जोखिम भएका क्षेत्रमा रहेका नागरिकलाई सरकारको तर्फबाट सुसूचित गरिएको छ। धनजनको क्षतिलाई न्यूनीकरण गर्न योजना, कार्यक्रम, नीति र रणनीति तय गरिएको छ। बाढी, पहिरोका कारण खाद्यान्न, स्वास्थ्य, सञ्चार, विद्यालयलयायत क्षेत्रमा पर्न सक्ने असरका बारेमा सरकारको के तयारी छ? पहिरो प्रभावित क्षेत्रमा बस्ती स्थानान्तरण गर्ने सम्बन्धमा के भइरहेको छ? बाढी, पहिरो र डुबानको उच्च जोखिम रहेका क्षेत्रमा राहत र उद्धारका लागि सामग्रीहरू कहाँ कहाँ कति परिणाममा स्टोर गरिएको छ? अहिलेसम्म सम्मानित सदनलाई यस विषयमा जानकारी .....(समय सकिएको)

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य गोपाल कुमार बस्नेत।

(१३:२२ बजे) **<u>गोपाल कुमार बस्नेत (नेपाली कांग्रेस)</u>**- म पछि बोल्छु। भोली।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य गोमा देवी तिमल्सिना।

(१३:२२ बजे) **<u>माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, सरकारले देशभिर साना वा ठुला गरी ५६ वटा विमानस्थल बनाएको छ। १३ वटा अन्तर्राष्ट्रिय र क्षेत्रीय स्तरका छन्। ४३ वटा विमानस्थल पहाडी जिल्लामा निर्माण गरिएका छन्। ४ वटा अहिलेसम्म निर्माण पूरा नभएका छन्। यी विभिन्न जिल्लामा भएका १२ वटा विमानस्थलमा गौचरनको अवस्था सिर्जना भएको छ। यो आफ्नो देशमा भइरहेका यी

विमानस्थलहरूलाई कहिले यसलाई राम्रोसँग सञ्चालन गर्ने यो बारेमा सरकारको के सोच छ यसमा म ध्यानाकर्षण गर्न चाहन्छु। विमानस्थल उडाउने भन्दा यसलाई .....(समय सकिएको)

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य दुर्गा गुरुङ।

(१३:२३ बजे)**माननीय श्री दुर्गा कुमारी गुरुङ्ग (नेपाली काङ्ग्रेस)**ः- सम्माननीय अध्यक्षज्यू, काकाकुल कर्णाली प्रदेशको राजधानी सुर्खेत वीरेन्द्रनगरमा बत्ती छ, भोल्टेज छैन। घरघरमा खानेपानीका धाराहरू छन् तर हप्तौं दिनदेखि खाने पानी धारामा आएको छैन। कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमै यस्तो अवस्था छ। सम्माननीय अध्यक्षज्यू, खानेपानीको अभावले काकाकुल बनेको छ। तीव्र सहरीकरण र जनसङ्ख्या वृद्धिले उकुसमुकुस भएको वीरेन्द्रनगर नजिकैबाट विशाल भेरी नदी बग्छ। तर सुर्खेत वीरेन्द्रनगरको आकाशमा उडिरहेका चरा खस्ने गर्मी छ तर खानेपानीको हाहाकार छ। जननमूना माध्यमिक विद्यालय सुर्खेतले जनतालाई खानेपानी वितरण गर्छ तर सरकार मौन छ। त्यसैले भेरी नदीको लिफ्ट गर्ने भनिएको परियोजना तत्काल पूरा गरियोस् र देशमा सरकार छ भन्ने प्रत्याभूति कर्णाली जनतालाई पनि गराइयोस् सम्माननीय अध्यक्षमार्फत जोडदार माग गर्दछु। हस्त, धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य नारायण दत्त मिश्र।

(१३:२४ बजे) **माननीय श्री नारायण दत्त मिश्र (नेपाली काङ्ग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, मनसुन आइपुगेको छ रे। अब यो मनसुन घुम्दै घुम्दै सुदूरपश्चिममा पनि पुग्छ। त्यहाँ टिकापुर, भजनी र जोशीपुरमा सँधै बाढी पीडित हुन्छ। सँधै बाढी पीडित हुनुको कारण त्यहींनिर ५ किलोमिटर मुन्तिर इण्डियामा मिर्जापुरी ड्याम छ। त्यो ड्याम जब कर्णालीमा प्रशस्त बाढी आउँछ। ड्याम खोलिँदैन। किनभने ड्याम खोल्यो भने भारतमा पनि बाढी पीडित हुन्छ भन्ने उनीहरूलाई आशङ्का छ। तसर्थ त्यस ठाउँमा डुङ्गाको व्यवस्था, त्रिपालको व्यवस्था, खानाको व्यवस्था गरेर त्यस ठाउँका मानिसहरूलाई राहत उपलब्ध गराउने कुरामा सरकारले समयमै सचेत भइदियोस् भनेर भन्दै बाह्रै सेकेण्डमा सकें। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य भुवन बहादुर सुनार।

(१३:२५ बजे) **माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)** सम्माननीय अध्यक्षज्यू, नेपालमा हामी कृषिलाई असाध्यै प्राथमिकता दिइरहेका छौं। र हाम्रा कृषि बालीहरू कति मौसमी पनि छन्। जस्तै हाम्रा फलफूलहरू मौसमी छन् । जस्तैः स्याउ, सुन्तला एउटा सिजनमा पाक्छ र तिनीहरूलाई चाहिँ भण्डारण गरेर राख्न आवश्यक छ। त्यस्तै आलु पनि भण्डारण गर्न आवश्यक छ । र मैले भन्न खोजेको के हो त भन्दा कृषि मन्त्रालयले शीत भण्डारको चाहिँ व्यवस्था अलि प्राथमिकताका साथ गर्न आवश्यक छ। नत्र भने के हुन्छ भने धेरै उत्पादन हुन्छ, बिक्री हुँदैन, त्यो सडकमा फाल्ने अवस्था सिर्जना हुन्छ। यी सबैलाई नियन्त्रण गर्नलाई र यसलाई व्यवस्थित गर्नलाई शीत भण्डारणको एकदम आवश्यक छ र कृषि मन्त्रालयको ध्यान जाओस् भन्ने कुरा राख्दै म अन्त्य गर्दछु। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य मदन कुमारी शाह (गरिमा)।

(१३:२६ बजे) **माननीय श्री मदन कुमारी शाह (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः- सम्माननीय अध्यक्षज्यू, २०८० माघको पहिलो सातादेखि सुरु भएको रुस र युक्रेनबीचको युद्ध जारी छ। रुसी सेनामा करीब १४,७०० नेपाली युवाहरू रहेको भन्ने छ। हालसम्म ४१ जनाको मृत्यु भएको, ४० जनाको मृत्यु भएको भनिएको तर पुष्टि हुन बाँकी, ११७ जना घाइते, २७२ जना सम्पर्कविहीन र ५ जना युद्धबन्दी बनाइएका भन्ने छ। यसको सत्यतथ्य के हो? सरकारले सदनलाई जानकारी गराओस्। साथै वैदेशिक रोजगारीको प्रलोभन र बाध्यताले रुसी सेनामा रहेका नेपाली युवाहरूको जीवन रक्षा, उद्धार र सकुशल नेपाल फिर्ताका लागि सम्माननीय अध्यक्षज्यूमार्फत् सरकारसँग जोडदार माग गर्न चाहन्छु । धन्यवाद।

(१३:१८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य युवराज शर्मा।

(१३:२७ बजे) **माननीय श्री युवराज शर्मा (नेपाली काङ्ग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, नेपालमा सञ्चालित उद्योगहरूको बक्यौता रहेको विद्युत महशुल सम्बन्धमा गठित आयोगको प्रतिवेदन सार्वजनिक गर्न सम्माननीय अध्यक्षमार्फत् सरकारसँग विशेष आग्रह गर्दछु। सहकारीको क्षेत्र

भताभुङ्ग भए झैं बीमाको क्षेत्र, त्यसपछि बैंकिङ क्षेत्रसमेतमा सरकारको दूरदृष्टिको अपेक्षा समेत गर्छु। नत्र यो क्षेत्र पनि बिस्तारै भताभुङ्ग जाने अवस्थामा छ। धन्यवाद।

(१३:२७ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ। माननीय सदस्यहरू, विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। अब म माननीय सदस्यहरूलाई बोल्नको लागि समय उपलब्ध गराउँछु।

सर्वप्रथम, माननीय झक्कुप्रसाद सुवेदी।

(१३:२७ बजे) माननीय श्री झक्कु प्रसाद सुवेदी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्ष महोदय, हामी सबैलाई थाहा छ।जेठ १५ गते नेपालमा योभन्दा पहिलेका वर्ष झैं बजेट भाषण भयो र त्यो बजेटको बारेमा हामीले एकपटक सामान्यतः अब छलफल गर्यौं। अहिलेको बजेटको छलफलमा मैले के अनुभूति गरें भने म पहिले पनि संविधानसभा सदस्य भइसकेको मान्छे । त्यसबेला पनि बजेटमा बहस हुन्थ्यो।त्यतिखेरको बजेटमा बहस कसरी हुन्थ्यो भने कि त एकदम सपोर्टमा हुन्थ्यो, कि त एकदम विरोधमा हुन्थ्यो।तर यो चोटि फेरि मेरो धेरै वर्षपछिको यो नयाँ हो। मैले अनुभूति कस्तो गरें भने बजेटमा कडा विरोध अपवाद बाहेक।अपवादलाई नियमसँग जोडिन्नँ।अपवादबाहेक मैले बजेटको मौन समर्थन देखें मैले।मलाई धेरै खुशी पनि लागेको छ।यो किन मौन समर्थन देखियो भने म एकदुई वटा कारण राख्न चाहन्छु।

पहिलो कुरा त सरकारले कृषि लगानी दशक घोषणा गर्यो। कृषि लगानी दशक सरकारले घोषणा गरेपछि यो विरोध गर्ने विषय नै थिएन। यो धेरै महत्त्वपूर्ण विषय छ।यो जनताको विषय पर्यो। त्यसपछि कडा विरोध आएन। दोस्रो विषय छ। यो भन्दा पहिले प्रतिपक्षका क्षेत्रहरू बजेटबाट खाली हुन्थे। यो हामीले पनि अनुभूति गरेका छौं।जो सत्तामा छ। सत्ता पक्षका जो प्रत्यक्षरूपमा विजय भएर आएका माननीयज्यूहरूको क्षेत्रमा बजेट जान्थ्यो र प्रमुख प्रतिपक्ष लगायत अरु प्रतिपक्ष सांसदहरूको क्षेत्रमा बजेट जाँदैनथ्यो।अहिले मैले सरसर्ती हेरें। कुनै क्षेत्र खाली छैन।१६५ मा कुनै क्षेत्र खाली छैन।त्यति मात्र नभएर सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र माननीय अर्थमन्त्री वर्षमान पुनले बडो कलात्मक तरिकाले सबै सांसदहरूका सिफारिसमा परेका बजेटहरू यहाँ समावेश गर्नुभएको छ।यो कारणले पनि दुवै संसदमा दुवै सदनमा गम्भीर प्रकारको विरोध भएन भन्ने मैले अनुभूति गरें।यसको साथसाथै गपाईं हामीले अहिले पत्रपत्रिका

पढ्छौं, विभिन्न विद्वानहरूका लेखहरू पढ्छौं। त्यहाँ के देखिन्छ भने सबले निराशा लेख्नुभएको हुन्छ। त्यहाँ उज्यालो पक्ष कसैले देखाएको मैले हेरिराको छैन।

प्रत्येक दिन २०००/२५०० युवाहरू विदेश गइरहेका छन्। यसको बारेमा अत्यन्त नेगेटिभ बनाएर विभिन्न भाष्यहरू सिर्जना भइरहेको छ। विद्वानहरूले लेखिराख्नुभएको छ। कविहरूले आफ्ना कवितामार्फत् विरोध गर्ने कुरा त छँदैछ। त्यति मात्र हैन राजनीतिज्ञहरूले पनि लामो समयसम्म राजनीति गरेका, देश दुनियाँ बुझेका, विश्व बुझेकाहरूले पनि निराशा बाँडिरहेको मैले देखिरहेको छु। खास परिस्थितिमा आशा, निराशा सबै देशमा देखिन्छन्। निराशा युरोपमा पनि देखिन्छ खास परिस्थितिमा। अमेरिकामा पनि देखिन्छ। चाइनामा पनि देखिन्छ। हाम्रो छिमेकी देश भारतमा त देखिने नै भयो। कसैले के भन्छन् भने, नयाँ पार्टी आए। किन नयाँ पार्टी आए रे भने पुराना पार्टीसँग रिसाएर नयाँ पार्टी आए रे। जनता पुराना पार्टीसँग रिसाए रे, अनि नयाँ पार्टी आए रे। तर मलाई त्यस्तो लाग्दैन हामीले समस्या आइसकेपछि त्यो समस्यालाई समाधान खोज्नेतिर हामी जानुपर्छ। जति तथ्यहरू छन् त्यो तथ्यलाई अहिले हल्लाले छोपिरहेको छ। तथ्यले के भन्छ भने बालेन आए, हर्क आए, रविहरू आए। तर उनीहरूले भोट पाए, चुनाव जिते पुराना पार्टीहरूसँगका निराशाले हैन। तथ्यले के देखाएको छ भने बालेन, हर्क र रविहरू नयाँ संविधानले जन्माएका हुन् यिनीहरू। यदि यो संविधान हाम्रो त्यति ठुलो बलिदानबाट, हाम्रो त्यति ठुलो कुर्बानीबाट यो संविधान आउँदैनथ्यो भने रविहरूको, बालेनहरूको, हर्कहरूको यहाँ उपस्थिति देखिन्नथ्यो। संविधानले स्थानीय तहलाई स्रोत र शक्तिसम्पन्न बनायो। विगतमा स्थानीय तहमा न स्रोत थियो, न शक्तिसम्पन्न थियो। यो संविधानसभाबाट निर्मित यो संविधानले स्थानीय तहलाई स्रोत र शक्तिसम्पन्न बनायो। त्यसपछि बालेनहरू आए, हर्कहरू आए।

त्यसैगरी यो गणतन्त्र। कसै कसैले त गणतन्त्रको विरोध गरेको पनि हामी सुन्छौं। तर यो गणतन्त्रले जनताको शिर उठाएको छ। यो शिर उठाउने गणतन्त्र र समानुपातिक निर्वाचन प्रणालीले रविहरूलाई यहाँ ल्यायो। उहाँहरूले कति चुनाव जित्नुभएको छ र त्यही ८ वटा जति त जित्नभएको छ। तर समानुपातिक प्रणालीले उहाँहरूले हेर्नुभयो, १ सीट मात्रै चुनाव जिते पछि पनि समानुपातिक प्रणालीबाट देशभरिबाट भोट जम्मा गर्न सकिन्छ र राजनीतिअन्तर्गत हाम्रो कार्यक्रम लागू गर्न सक्छौं भन्ने उहाँहरूले अनुभूति गर्नुभयो, उहाँहरूले महसुस गर्नुभयो र उहाँहरू निर्वाचनमा आउनुभयो। यदि यो जनताको शिर उठाउने गणतन्त्र तपाईं हाम्रो बलिदानीबाट यो स्थापित हुँदैनथ्यो, यो हामी ल्याउन सक्दैनथ्यौं भने रविजीहरू कहाँ हुनुहुन्थ्यो। रवि त अमेरिका जानुभएको थियो, अमेरिका हुनुहुन्थ्यो। बालेनहरू कहाँ हुनुहुन्थ्यो, बालेन त के त्यो र्याप गीत गाउने, मैले

बुझ्दैन त्यो, मैले पत्रिकामा पढ्छु, त्यसैमा उहाँ हुनुहुन्थ्यो। हर्कहरू कहाँ निराश भएर बस्नुभएको हुन्थ्यो अहिलेसम्म।

सम्माननीय अध्यक्ष महोदय, यो देश सामान्य बलिदानले बनेको देश होइन। हिजोकास सयौं लडाकू दिदीबहिनीहरू, अहिले पनि आफ्नो छातीमा छर्रा बोकेर सङ्घर्ष गरिरहेका छन्। ती दिदीबहिनीहरूले जब आफूलाई आफ्नो बलिदानी, कुर्वानी गरे। त्यसको फलस्वरूप अथाव त्यो सङ्घर्षको बलमा अहिले हाम्रा दिदीबहिनीहरू सरकारी जागिरमा छन्, सेनामा छन्, पुलिसमा छन्। गपाइँ हामीलाई थाहा छ स्थानीय तहमा प्रत्येक वडामा १ जना महिला अनिवार्य र १ जना दलित महिला अनिवार्य संविधानले ग्यारेण्टी गरेको छ।मेयर-उपमेयर, अध्यक्ष-उपाध्यक्षमध्ये १ जना महिला अनिवार्य संविधानले ग्यारेण्टी गरेको छ।यो सबै नेपाली जनताको बलिदानको उपज हो। यसमा हामीले गर्व गर्नुपर्छ ।

अध्यक्ष महोदय, म लास्टमा के भन्न चाहन्छु भने संविधान बलिदान र सङ्घर्षले बनेको हो, छ। यो संविधानको रक्षाको लागि हामी सङ्कल्प गरौं। हामी मुखले मात्र रक्षाको कुरा नगरौं हामी । हामी भित्रैदेखि, हामी अन्तस्करणदेखि गणतन्त्र, संघीयता, धर्म निरपेक्षता, समानुपातिक समावेशिता यसको रक्षाको लागि हामी निरन्तर सङ्घर्ष गर्यौं।यो नेपाली जनताको बलिदानबाट प्राप्त भएको यो कुरा हामी कहिले पनि नबिर्सौं हामी।तर हामी कता कता देख्छौं। कहिले हामीलाई चिन्ता पनि लाग्छ। हाम्रै संविधानको बारेमा, हाम्रै संविधानका तीनवटा खुट्टा मध्ये एउटा खुट्टाको बारेमा पार्टीका ठुला ठुला भेलाहरूमा, सम्मेलनहरूमा गम्भीरतापूर्वक बहस होस्। अब यस्तो नहोस्। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य नारायण दत्त मिश्र।समय १० मिनेट।त्यसपछि माननीय सदस्य सोनाम गेल्जेन शेर्पा।

(१३:३९ बजे) <u>माननीय श्री नारायण दत्त मिश्र (नेपाली काङ्ग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, हाम्रो मौलिक हकमा व्यवस्था छ।मौलिक हकको भाग ३ को धारा १६ देखि ४८ सम्म मौलिक हकको व्यवस्था गरिएको छ।मौलिक हक हामीले संविधानमा लेख्ने बेला भावनामा ज्यादा बग्यौं कि हामीले त्यसलाई कर्तव्यमा पालन गर्न सकेनौं कि। अहिले मौलिक हकको कारणले संविधान कहीं कागजको खोस्टो नहोस्। तसर्थ अझ पनि समय छ केही गरी कति कुरा हामी गर्न सक्छौं त्यति नै कुरामा प्रतिबद्धता गर्ने बानीहरू बसालौं।हामीले लोकतान्त्रिक संघीय गणतन्त्र ल्याएका छौं।कहीं देशको बजेटको अधिकतम हिस्सा यसैको पालनपोषणमा लगाएर देश विकासलाई

पछाडि धकेलिराखेका त छैनौं? सोचौं एकपटक। सर्वदलीय सरकारको गठन गरेर संविधान संशोधन गरौं।

(१३:३९ बजे) पीठासीनः- माननीय उपाध्यक्ष बिमला घिमिरे ।

माननीय श्री नारायण दत्त मिश्र (नेपाली काङ्ग्रेस):-हाम्रो आवश्यकता प्रदेश हो कि होइन दिनहुँ सरकार फेरबदल मात्र भइरहेको छ। यसमा पनि ध्यान दिउँ। यो निर्वाचन पद्धतिले सँधै हामीलाई गठबन्धनमा जान बाध्य बनाउने हो कि। निर्वाचन पद्धतिमा पनि के संशोधन गर्न सकिन्छ? संविधानको संशोधन विना हामी सँधै अलोकप्रिय भएर बस्नुपर्ने वातावरण सिर्जना हुनेछ। हाम्रो चिन्ता कहाँ छ? हामी लोकतन्त्रको लागि जीवनभर लड्यौं। हाम्रो दक्षिण एसियामा भारत आफ्नो देशलाई अंग्रेजबाट स्वतन्त्र गराउनको लागि लड्यो। पाकिस्तान भारतमा बसीकन इस्लामको रक्षा गर्न सक्दैनौं कि भनीकन उसले इस्लामको रक्षाको लागि पाकिस्तान बनायो। बंगलादेशले त्यति पश्चिमको पाकिस्तानको राज्यमा हामी बसेर हाम्रो देशको विकास हुन सक्दैन भनेर बंगबन्धुको नारामा बंग स्वतन्त्र, बंग मुक्तिको लागि बंगलादेश स्वतन्त्रताको लागि लडेको हो। हामी जस्तो लोकतन्त्रको लागि लडेका एसियामा धेरै कम देशहरू छन्। हामीले हाम्रो लडाइलाई बिर्सिसक्यौं। हाम्रो लोकतन्त्र प्राप्ति पछाडिको लडाइ के थियो? देशलाई चौतर्फी विकास गर्ने। हामी अहिले पनि हामी त अरु अरु लडाइमा छौं। तर म पहिले पहिले सोच्थें। आज शीर्ष नेताहरूको छलफल छ रे। राष्ट्रिय गौरवका आयोजनाहरू कसरी पूरा गर्ने? विद्युतको विकास कसरी गर्ने? पर्यटन र कृषिको विकास कसरी अगाडि बढाउने भन्ने कुरामा छलफल होला भन्ने लाग्थ्यो। तर त्यहाँ त सरकार, सरकार, सरकार। मन्त्री, मन्त्री, मन्त्री कसरी टिकाउने? भएन भनेर राजदूतहरू सबै फालेर नयाँ राजदूतहरू कसरी भर्ना गर्ने? मैले ऋषि धमलाको बहसमा सुरेन्द्र के.सी.को कुरा सुनें। हिजोको उसमा यो सम्माननीय अध्यक्ष महोदय। सुरेन्द्र केसीले भने अमेरिकाको राजदूत हुन त २० करोड दिन्छु भन्छन्। भारतको राजदूत हुन ५ करोड दिन्छु भन्छन् भन्ने कुराहरू यो के हो? हाम्रो लडाइ यही कुराको लागि थियो? असुली गर्ने कुराको लागि हामी लडेका हौं? कि हामी लोकतन्त्र, गणतन्त्र र संघीयताको लागि लडेका हौं। त्यतातिरपट्टि हाम्रो ध्यान गएको छ कि छैन? अब हाम्रो लडाइ यही थियो कि क्या हो नेताहरूको । नेताहरू हो बुढो हुनुभएको छ। नेताहरू बुढा भएका छन् । साथमा केही जाँदैन । यो शरीर पनि हामी लगेर जाने हैनौं भन्ने कुरा नेताहरूले बुझ्दिनपर्ने आवश्यक छ।

अर्थमन्त्रीज्यू सम्माननीय अध्यक्ष महोदयमार्फत अर्थ मन्त्रीज्यू, बजेट त बनाउनुभयो। यी किताबहरू पढ्दा देशलाई उँट बनाउन खोज्नुभएको छ कि क्या हो? राम्रो बनाउँछु भन्दा भन्दै

ठुला नेताहरूको जिल्ला र क्षेत्रमा एक किसिमको बजेट वितरण भएको छ। देशका अरु कुना कन्दरामा बस्ने हामीजस्ता मानिसहरूकहाँ बजेटको खडेरी छ। यसरी देशको विकास हुँदैन। कहीं घाँटी लामो भएको छ, कहीँ खुट्टा दुब्लो भएको छ। यो उँटलाई सुन्दर बजेटको रूपमा बनाउने चेष्टा अझै सक्नुहुन्छ भने अझै बीचमा पनि गपाईंसँग समय छ। यसलाई सुन्दर बजेट बनाइदिनुहोस्।

मलाई एउटा कुराले म बडा असजिलोमा छु हजुर। मैले यो स्वास्थ्य मन्त्रालयको कुरा गर्नुपर्दा स्वास्थ्यले देशभरिका अस्पतालहरूमा खास गरी वीर अस्पतालदेखि अस्पतालहरूमा यति उपकरणहरू किनेको छ। अनेक किसिमका उपकरणहरू किनेको छ। तर धेरैजसो ती उपकरणहरू चलाइएका छैनन् त्यसै थन्किएर बसेका छन्। हैन यो किन्नको लागि रहर गर्ने । कसले टिप्पणी उठायो, कसले टिप्पणी सदर गर्यो टिप्पणी सदर गर्ने मान्छेलाई पनि यो कानुनको कठघरामा उभ्याइदिने हो कि के गर्ने होला। यो बडो समस्या छ।

समस्या अर्को पनि छ। शिक्षातिरको समस्या। शिक्षातिर सरकारी विद्यालयका टिचरहरूले त्यत्रो ट्रेनिङ लिन्छन्। ट्रेनिङमा अत्यधिक खर्च गर्छौं हामी । निजी विद्यालयहरूले त ट्रेनिङ खासै दिंदैनन्। तर निजी विद्यालयको पढाइ सधैं राम्रो हुँदै जाने । तर यो सरकारी विद्यालयमा त्यत्रो ट्रेनिङमा त्यत्रो खर्च गर्दा पनि पढाइ राम्रो नहुने। तसर्थ यो ट्रेनिङको पार्टलाई सरकारी विद्यालयहरूबाट पनि झिकिदिनुपर्छ। किनभने त्यो ट्रेनिङमा लिएको विषय अनुसार कुनै शिक्षकले पढाएको मैले त देखेको छैन है। तैपनि कहीँ छ भने साथीहरूलाई थाहा होला। अब यो नेपाल वायु सेवा निगमको एउटा कुरा गर्नुपर्ने जरुरी छ। यसलाई पब्लिक प्राइभेटमा लैजान जरुरी छ। जतिपटक जहाज खरिद हुन्छन् त्यति पटक प्रश्न मात्र खडा भएका छन्। तसर्थ यसलाई सरकारीबाट हटाएर यसलाई पब्लिक प्राइभेटमा लैजाऔं। अनि मात्र हाम्रो देशमा यो वायुसेवा निगमको विकास हुनसक्छ। जुन सिंहदरबारले देशभरिका योजनाहरूको निर्माण र पुनर्निर्माणको कामको रेखदेख र पुनर्मूल्याङ्कन र बजेट व्यवस्थापन गर्दछ। त्यही सिंहदरबारभित्र निर्माण भइरहेको संसद भवन सम्पन्न गरिँदैन किन? कहीँ यो भवनलाई भाडा बुझाइराख्ने रुचि भएर त हैन? कि सरकार र ठेकेदारमा को दोषी? कि एउटा सिक्काका दुईवटा पाटा हुन्। लथालिङ्ग देशको भताभुङ्ग चाला, जसले जति पाला उसले त्यति खाला भन्नेजस्तो त हैन? अब पिण्डस्थाने पिण्ड पिण्ड, दिपस्थाने दिप भनेजस्तै २०२० सालदेखि अहिलेसम्मका कानुनहरू त्यही कानुनमा त्यही नोकरशाहीमा देश अगाडि बढेको छ। त्यसकारणले देशलाई अगाडि बढाउन नयाँ किसिमको केही प्रथाहरू लागू गर्ने हो कि हैन? के भइरहेको छ, मलाई त एउटा बडा एउटा कुरा भनुँ पृथ्वी नारायण शाहले औंलो खडा गरेर कुरो गर्थे। हाम्रो कलेजमा पढ्ने साथीहरूले भन्थे, पृथ्वी नारायण शाहले १% खानु है भनेका थिए। अनि त्रिभुवनले हात यसो गरीकन कुरा गर्थे। उनले ५% सम्म

हुन्छ भनेर भन्या हुन् भन्थे। राजा महेन्द्रले दुई हात यस्तो जोडेर कुरा गर्थे। १०% सम्म केही कुरा भएन भन्थे रे। अनि वीरेन्द्रले भाषण गर्दाखेरि र वीरेन्द्रको फोटोमा त हात पछाडि गरेको । देखाएर नगर लुकाएर जति गरे पनि हुन्छ। अहिले त अर्थमन्त्रीज्यू हाकाहाकी हो कि क्या हो। ती सब कुराहरू भन्दा पनि अगाडि बढ्यौं कि क्या हो हामीहरू। त्यतापट्टि पनि हाम्रो ध्यान जान आवश्यक छ। अब यो मिशन ८४ भनेको के हो मैले बुझ्न सक्याछैन। मिशन ८४ भनेको हामीजस्ता उमेर पुगेका मान्छेहरूलाई रिटायर गर्ने कुरा होला भन्ने लाग्छ मलाई । यो मिशन ८४ ले अरु केही कुरा देला भन्ने मलाई लागेको छैन। हाम्रो मिशन अर्थमन्त्रीज्यू गपाईं पनि हुनुहुन्छ, म त त्यस्तो ठाउँमा पुग्न सकेको छैन। त हाम्रो मिशन कृषिको विकास कसरी गर्ने? पशु पालन कसरी राम्रो गर्ने? माछामा कसरी आत्मनिर्भर हुने र विदेश पठाउने, दूध, मासु, तरकारी अझ गाँजा खेती पनि है। यसबाट आत्मनिर्भर मात्र हैन निकासी गर्ने क्षमतामा देशलाई अगाडि बढाउनुपर्छ। त्यतातिरपट्टि ध्यान जान म अर्थमन्त्रीज्यू पनि यहाँ हुनुभएकोले सम्माननीय अध्यक्षज्यू, तपाईंमार्फत त्यो कुरा गरें। हालसम्म म अब यो बडा गाह्रो छ यो कुरा गर्दागर्दै समय सकिएला जस्तो लागिसक्यो। तसर्थ अर्थमन्त्रीज्यू तपाईंले सबै सांसदहरूको कुरा पनि सुन्दिनु .....(समय सकिएको) ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य सोनाम गेल्जेन शेर्पा। समय ८ मिनेट। यसपछि माननीय सदस्य मदन कुमारी शाह (गरिमा)।

(१३:५० बजे) <u>**माननीय श्री सोनाम गेल्जेन शेर्पा (सभापति, संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति)**</u>:- अध्यक्ष महोदय, आज जलवायु परिवर्तनले हामीलाई विकराल अवस्थामा पुर्याएको छ। तर जलवायु परिवर्तन भनेको हामी के भन्छौं भन्दाखेरि यो विदेशीले चाहिँ औद्योगिक विकास गरेर विदेशीहरूले गर्दाखेरि जलवायु परिवर्तन भयो, त्यसमा हाम्रो केही भूमिका छैन भनेर भनेर भन्ने गर्छौं। तर म प्रत्यक्ष हिमालसँग जोडिएको हुनाले त्यसलाई मात्रै दोष नदिईकन आज हामीले पनि जलवायु परिवर्तनको विषयमा केही सोच्ने बेला भएको छ। हिमालहरू कालो चट्टानमा परिणत भएको छ, त्यहाँ हिउँहरू पग्लिएको छ, बरफहरू पग्लिएको छ। त्यो कसरी पग्लियो त भन्नेतर्फ पनि हामीले सोच्न जरुरी छ। अनुसन्धानले के देखाउँछ भन्दाखेरि हिमालहरू धेरै अग्ला। र यो जुन किसिमको हामीले अरु ठाउँमा विकास गर्छौं। इण्डिया, नेपाल, चाइना जहाँ विकास गरे पनि । त्यसले एउटा वायु प्रवाह गर्छ र त्यो कार्वन हिमालमा गएर ठोकिन्छ। हिमालभन्दा माथि जान सक्दैन र त्यो कार्बनले गर्दाखेरि हिमाल पग्लिने रेटहरू बढेको छ। तर त्यति हुँदाहुँदै पनि हिमालमा हुने एक्टिभिटीले पनि हिमालहरू फोहोर भएका छन्। हाम्रा हिमालका दृश्यहरू साँघुरिँदै

गइरहेको छ। हामीले जुन किसिमले हिमालमा बाटोहरू बनाउँछौं, के गर्छौं, त्यो पनि साँघुरिँदै गइरहेको छ। यसतर्फ सरकारको ध्यान जान आवश्यक छ। र सरकारले के गर्न सक्छ भन्नेतर्फ म सरकारको ध्यान आकर्षण गर्न चाहन्छु।

अब अस्ति राष्ट्रसंघको महासचिव आउनुभयो । महासचिव आएपछि हामी के गौरव गर्छौं भने हाम्रो हिमालको मुद्दा पनि इन्टरनेशनल बजारमा पुग्यो। म बजार भन्छु, इन्टरनेशनल मञ्चमा पुग्यो। तर मञ्चमा पुगेपछि कसरी पुग्यो भन्नेतर्फ हामीले सोचेका छैनौं। जब महासचिव आउनुभयो र लोकलसँग कुरा गर्नुभयो। महासचिव आएर त्यहाँका सगरमाथा क्षेत्रका, अन्नपूर्ण क्षेत्रका अहिले पनि राष्ट्रसंघको वेबसाइटमा हेर्नुस्, युट्यूबमा हेर्नुस् त्यहाँ लोकलसँग कुरा गरेकोलाई प्राथमिकता दिएको छ। तर लोकलसँग कुरा गरिसकेपछि लोकलले यथार्थ कुरा गरिसकेपछि उहाँ यति प्रभावित हुनुभयो कि उहाँले त्यो मुद्दालाई अन्तर्राष्ट्रियरूपमा उठाउनुभयो। तर आज हामी एउटा फाइभस्टारमा जलवायु परिवर्तनका कुरा गर्छौं, सबै कुरा गर्छौं। म त त्यो हिमालसँग प्रत्यक्ष जोडिएको । कहिलेकाहीं विज्ञहरूले त्यो मञ्चमा बसेर हिमालको बारेमा कुरा गर्दा पनि मलाई हाँसो लाग्छ। जो मान्छेले हिमाल बुझेको छैन, त्यसले हिमालसँगको कुरा गर्छ। तर आज हाम्रो हिमाल धेरै प्रदूषण भएको छ। अब हामीले हिमाललाई कसरी बचाउने भन्नेतर्फ म केही कुराहरू राख्न चाहन्छु। हिमालमा आरोही सङ्ख्याहरू धेरै बढेको छ। र आरोही विशेष गरी सगरमाथा हिमालमा। हामी बेसक्याम्प, बेसक्याम्प भन्छौं। बेसक्याम्प भनेको धेरै मान्छेले बुझ्ने । के गर्छ भने सगरमाथा हिमाल चढ्दाखेरि सगरमाथाको बेसक्याम्प नै बुझ्ने गर्छ। बेसक्याम्प भनेको आधार शिविर हो। कुनै पनि हिमाल चढ्दाखेरि त्यो चढ्न सुरु गर्ने ठाउँलाई बेसक्याम्प भनिन्छ। आधार शिविर भन्छ। त्यो चाहिँ एभरेष्ट बेसक्याम्प हुनसक्छ, पुमरी बेसक्याम्प हुनसक्छ, चोयु बेसक्याम्प हुनसक्छ, कञ्चनजंघा बेसक्याम्प हुनसक्छ। तर मान्छेको दिमागमा के छ भने बेसक्याम्प भन्नसाथ एभरेष्ट बेसक्याम्प। बेसक्याम्प जाने, कहाँ जाने भन्यो भने मान्छेले के सोच्यो बेसक्याम्प भनेपछि एभरेष्ट नै सोच्छ। तर बेसक्याम्प भनेको आधार शिविर हो । आधार शिविर भनेको त्यहाँबाट हिमाल चढ्न सुरु हुन्छ। तर आज सम्पूर्ण हिमालको आधार शिविरहरू फोहोर भएको छ। तर धेरैसम्म सफाका प्रक्रियाहरू पनि सुरु भएको छ। तर त्यो हिमाल चढिसकेपछि अब आज एभरेष्टको टुप्पोमा हिमाल चढ्नको लागि लाइन लाग्छ मान्छे। त्यसकारण अब एभरेष्टलाई जोगाउने हो भने हामीले त्यसलाई कन्ट्रोल गर्न जरुरी छ। हिमालहरूलाई हामीले एउटा कन्ट्रोल गर्न जरुरी छ। हामीले राजस्वको दायरा बढाउने, राजस्व बढाउने तर सङ्ख्या घटाउने। र त्यसले गर्दाखेरि हिमालको अस्तित्व पनि बाँच्ने, हामीलाई राजस्व पनि आउने। त्यसकारण हामीले हीराको मूल्यलाई चाँदीको मूल्यमा बिक्री गरिरहेका छौं। एभरेष्ट होस्, अरु हिमाल होस्। एभरेष्ट भनेको नेपाल बाहेक अरु ठाउँमा छैन।

त्यसकारण हामी एभरेष्टलाई चाँदीको भाउमा बिक्री गरिरहेका छौं । अब हामीले हीराको भाउ लिनुपर्यो। अर्कोतर्फ एभरेष्टमा तलमाथि गर्ने हेलिकप्टरहरू छ त्यसलाई व्यवस्थित गर्नुपर्यो। आज हेलिकप्टर जान्छ एभरेष्टको २ नम्बर क्याम्पमा ३ नम्बर क्याम्पमा जहाँ पनि हेलिकप्टरहरू बस्ने गर्छ त्यसले नै प्रदूषणले पनि धेरै नै त्यसलाई नै मौसम परिवर्तन र ग्लोबल वार्मिङ छ त्यसलाई पनि धेरै असर पुगिराखेको छ त्यसलाई पनि सरकारले ध्यान दिनुपर्छ जस्तो मलाई लाग्दछ। त्यसकारण हिमाल चढ्दाखेरि सरकारको पहुँचै छैन। त्यो एरियामा सरकारको कुनै पनि निकाय नै बस्दैन। पर्यटनको १-२ जना मान्छे बस्छ। त्यसलाई अधिकार केही पनि हुँदैन। त्यसलाई कन्ट्रोल मेकानिज्ममा ल्याउनुपर्यो। सरकारले हिमाल चढ्दाखेरि त्यो बेसक्याम्पमा सरकारको उपस्थिति जनाएर फोहोरमैला कसरी व्यवस्थापन गर्ने ? हिमाल कसरी चढ्ने भन्ने कुरा गर्नुपर्यो। र सरकारले स्पष्ट नियम के ल्याउनुपर्यो भन्दाखेरि यो हिमाल चढ्ने भनेको एड्भेञ्चर टुरिजम भन्छ। त्यो हिमालको पनि रुल एण्ड रेगुलेशन हुन्छ। कसरी चढ्ने चढ्ने, कहाँ झर्ने भन्ने एउटा चाहिँ नियम हुन्छ। त्यो हिमाल भनेको त्यसै चढ्न आउँदैन मान्छेहरूलाई, एउटा खेल जस्तो हो। तर आज हेलिकप्टर लगेर चाहिँ १ नम्बर २ नम्बर क्याम्पमा बसेर हेलिकप्टरमा चढ्ने र झरेर त्यहाँबाट फेरि हेलिकप्टरमा उडेर आउने व्यवस्था छ। त्यसकारण सरकारले कठोर भएर के कुरा सोच्नुपर्छ भने अब ऐन कानुनमा एभरेष्ट चढ्ने हो भने बेसक्याम्पबाट सगरमाथाको टुप्पो वा कुनै हिमालको टुप्पोमा पुगिसकेपछि चढेर झरे मात्रै त्यसले चाहिँ हिमाल चढेको मान्यता पाउँछ भनेर सरकारले कानुनमा व्यवस्था गर्नुपर्छ। त्यो गर्यो भने हाम्रो हिमालको महत्त्वहरू बढ्छ। तर एभरेष्टलाई पनि हामीले के चाहिँ राख्नुपर्छ भन्दाखेरि कुनै पनि नेपालको ८००० मिटरको २ वटा हिमाल चढेमा मात्र एभरेष्ट चढ्न पाउने permission पाउने भन्ने व्यवस्था अब चाहिँ गर्नुपर्छ। नेपालको ८००० मिटरको कुनै पनि २ वटा हिमाल चढ्दैन। त्यो मान्छे एभरेष्ट चढ्नको लागि क्वालिफाइड हुँदैन भनेर। त्यसकारण यो सम्बन्धमा पनि म एउटा कुरा के राख्न चाहन्छु भने एभरेष्टमा पनि क्वालिफाइड मान्छे चढेन भने ठुलो दुर्घटना हुन्छ। किनभने एउटा डोरीमा चढ्नुपर्छ। तर त्यो मान्छे १ नम्बर क्याम्पबाट २ नम्बर क्याम्पमा कति घण्टामा पुग्ने, २ नम्बरबाट ३ नम्बरमा कति घण्टामा पुग्ने भन्ने खालको एउटा चाहिँ मापदण्ड भएन भने कुनै बेला यस्तो अवस्था आउँछ कि कुनै बेलामा यस्तो अवस्था आउँछ कि नेपालको। कुनै मान्छे चढ्दिन्छ। चढेपछि त्यो मान्छेलाई माथि एभरेष्ट चढ्नको लागि १८ घण्टा लाग्दिन्छ। २ नम्बरबाट ३ नम्बर जानको लागि र ३ नम्बरबाट ४ नम्बर जानको लागि १८ घण्टा लाग्दियो भने त्यो बीचमा केही एक्सिडेण्ट भयो भने सम्पूर्ण माथिबाट झर्ने र तलबाट झर्ने मान्छेको एक्सिडेण्ट हुन्छ। त्यहाँबाट मान्छे तलमाथि गर्न सक्दैन। नसक्नासाथ अक्सिजन सिद्धिन्छ र ठुलो दुर्घटना हुनसक्छ। त्यो दुर्घटनाबाट बचाउनको लागि पनि एभरेष्टमा चढ्ने मान्छेहरूको योग्यता हामीले निर्धारण गर्नुपर्ने

जरुरी छ। जो मान्छे यति घण्टाभित्र यति नम्बर क्याम्पमा पुग्न सक्दैन, यहाँदेखि यहाँ पुग्न सक्दैन भन्यो भने त्यसलाई अनक्वालिफाईड गरेर हामीले त्यहाँबाट चाहिँ तपाईं चढ्न सक्नुहुन्न भनेर हटाउने व्यवस्था पनि गर्नुपर्छ। अहिले जुन किसिमको सम्पर्क अधिकृत liason officer भन्ने छ त्यो ज्यादै नै व्यवहारिक छैन। एउटा भत्ता खान्छ, नाम्चे बजारसम्म पुग्छ र काठमाडौं फर्किन्छ। त्यो चाहिँ सरकारले त्यो liason अफिसरलाई चाहिँ कुन व्यवस्थापनबाट कसरी व्यवस्थापन गर्ने भन्नेतर्फ सरकारको ध्यान जाओस् भनेर म अर्थमन्त्रीज्यूलाई अध्यक्षज्यूमार्फत नेपाल सरकारको ध्यान आकर्षण गराउन चाहन्छु। त्यसकारण अहिले अर्थमन्त्रीज्यूले जुन किसिमको बजेट ल्याउनुभएको छ। त्यसमा यो climate change को यताउतिको सम्बन्धमा धेरै कुरा समेटिएको जस्तो मलाई लाग्दैन। त्यसतर्फ पनि नेपाल सरकारको ध्यान आकर्षण गराउन चाहन्छु। र आज म हिमालसँग सम्बन्धित मान्छे भएको हुनाले मैले केही कुरा राखें। अब समय पाउँदै गएपछि हिमालसम्बन्धी अन्य कुराहरू पनि राख्दै जाउँला ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य मदन कुमारी शाह (गरिमा)। समय १२ मिनेट। त्यसपछि माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।

(१३:५९ बजे) **<u>माननीय सदस्य मदन कुमारी शाह (गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, आज म आफूलाई लागेका कुरा होइन कर्णालीका जनताले भनेका कुरा जस्ताको तस्तै सुनाउन यो रोष्टममा उभिएको छु। सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको तर्फबाट भूकम्प प्रभावित क्षेत्र विशेष सल्यान, रुकुम पश्चिम र जाजरकोटको पुनर्निर्माणसम्बन्धी सरकारी आश्वासनको सम्बन्धमा स्थलगत अवलोकन, अध्ययन र सरोकारवालाहरूसँग छलफल गर्ने अवसर पाएको थिएँ। भूकम्पबाट प्रभावित र अन्य सरोकारवालाहरूसँग छलफलपछि उठेका विषयवस्तुलाई म यहाँ राख्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, त्यो ठाउँमा पुगिसकेपछि कुनै त्यस्तो नेपाली नहोला, जसको मन नरोला। त्यहाँ बिजुली छैन, त्यहाँ पानी छैन, विद्यार्थीहरू टिनको छाप्रोमा पढ्न बाध्य छन् । र कतिपय स्कूल, विद्यालयका टिनका छाप्रा हावा, हुरीले उँडाएको अवस्था छ। सरकारी कार्यालयहरूको अवस्था त्यही छ। स्वास्थ्य चौकीको अवस्था त्यही छ। जनता र राष्ट्रको सुरक्षा गर्ने सुरक्षाकर्मीहरू बस्ने आवासहरूको अवस्था त्यही छ। त्यो भयावह स्थिति देखिन्छ। २०८० कार्तिक १७ गते गएको भूकम्प र अहिलेसम्म ७ महिना बितिसक्दा पनि राज्यले आफ्नो उपस्थिति जुन प्रकारले त्यहाँ गर्नुपर्थ्यो, त्यो हुन नसकेको मैले आफ्नै आँखाले देखेर आएको छु। अप्ठ्यारो

लाग्छ भन्न कि हामी सरकारमा छौं।यो मुलुकलाई सञ्चालन गरिरहेका छौं। तर जनतालाई जनताको आवश्यकतानुसार सामान्य कुरा पनि हामीले दिन सकेका छैनौं। यो दुःखद् कुरा छ। यसमा सम्माननीय अध्यक्षज्यूमार्फत म सरकारको ध्यान आकर्षण गराउन चाहन्छु। हामीले त्यहाँ सल्यानको दार्मा गाउँपालिकामा छलफल गर्यौं।त्यहाँ हामीले देख्यौं कि थाहा पायौं कि एकजनाले आफ्नो श्रीमतीको हत्या भो, आफूले पनि आत्महत्या भो।र पछि उहाँको घरमा जाँदाखेरि त्यहाँको जनप्रतिनिधि र स्थानीयले देखुभो। साना साना बालकहरू छन्। र त्यहाँ न्यूनतम आधारभूत न्यूनतम मान्छेलाई चाहिने कुरा पनि त्यो घरमा थिएन। ती बालबच्चाहरूको बिचल्ली भएको छ। यो भूकम्पपछि बेरोजगारी, गरीबी, भोक, रोग र शोकले धेरै मान्छेहरू आत्महत्याको बाटो समातिरहेका छन्। मान्छेमा मनोवैज्ञानिक समस्याहरूले जन्म लिइरहेको छ।यतातिर पनि राज्यले ध्यान दिनुपर्छ भन्ने मलाई लागिरहेको छ। हो २०८० कार्तिक १७ गते गएको भूकम्पमा त्यहाँको सञ्चार माध्यमले जुन तदारुकताका साथ समाचार सम्प्रेषण गर्ने काम गर्यो। जसका कारणले सम्माननीय प्रधानमन्त्रीज्यू सबैभन्दा पहिले त्यहाँ पुग्नुभयो। र त्यहाँ पुगिसकेपछि त्यहाँ खोज, उद्धार र तत्काल राहत दिने काम जुन गतिका साथ भएको थियो। त्यो वास्तवमा धेरै प्रशंसनीय थियो। नेपालको यस्ता प्राकृतिक विपत्तिमा यति छिटो उद्धार भएको, तत्काल राहत दिएको मलाई लाग्छ यो पहिलो होला। जाजरकोट, सल्यान र पश्चिम रुकुममा गएको भूकम्पमा। र त्यसको लागि हामीले त्यहाँको सञ्चार माध्यम, सम्माननीय प्रधानमन्त्रीज्यू, जनपथ, सशस्त्र, नेपाली सेना, राजनीतिक दल, त्यहाँका संघसंस्था सबैलाई हामीले धन्यवाद दिनुपर्छ। त्यो विपत्तिको घडीमा हामी सबै सामूहिक रुपले उद्धारमा लागेका थियौं। त्यसकारणले हामीले यो कुराको प्रशंसा गर्नुपर्छ। र गर्व पनि गर्नुपर्छ भन्ने मलाई लाग्छ। तर त्यसपछि जुन गतिका साथ त्यहाँ काम हुनुपर्थ्यो, त्यो हुन सकिरहेको छैन। राहत र पुनर्निर्माण कार्यमा धेरै ढिलाईसुस्ती देखिएको छ।। टहरा बनाउन दिने भनिएको ५० हजारको पहिलो किस्तासमेत सबैले नपाएको अवस्था छ। ७ महिनासम्म पहिलो किस्ता पनि कतिपयले नपाएको अवस्था छ। दोस्रो किस्ताको त कुरै छाडिदिउँ हामी। हामी सल्यानको दार्मा गाउँपालिकापछि हामी रुकुम पश्चिममा हामी गयौं। त्यहाँ हामीले छलफल गयौं, त्यहाँ पनि त्यही समस्या थियो। टहरा बनाउने दोस्रो किस्ता नपाएको। त्यति मात्र होइन २ वर्ष पहिला गएको बाढीमा दिन्छु भनेको राहत अहिलेसम्म नपुगेको। त्यहाँ हामीले देख्यौं सबै ठाउँमा भत्केका घरभन्दा चर्केका घरहरू धेरै छन्। धेरै पछि सम्बन्धित मन्त्रालयले पोर्टलमा इन्ट्री गर्ने एउटा फर्म्याट तयार गरेको रहेछ, त्यसमा भत्केको घर पनि राखुपर्ने फोटो भनिसकेपछि अहिले कुनै पनि कार्यकारीले त्यो पोर्टलमा इन्ट्री गर्ने आँट गरिरहेका छैनन्। उहाँहरूले कलम लुकाउने गर्नुभएको छ, हत्कडी लाग्ला भन्ने डरले। यस्तो अवस्था रहेको छ।जाजरकोटमा सबैभन्दा बढी नोक्सान भएको १०१ जना मान्छे मरेको, ४८००० मान्छे पीडित भएको, १६ वटा सरकारी

कार्यालयका ९२ वटा भवनहरू क्षति भएको जाजरकोट दरबार जहाँ जिल्ला प्रशासन कार्यालय बसिरहेको थियो, त्यो समेत क्षति भएको। सडक, यातायात, सिँचाइ, खानेपानी, पशुधन, क्षतविक्षत ढङ्गले चाहिँ त्यहाँ नोक्सान भएको हामीले नलगाड नगरपालिका पनि हेर्यौं त्यहाँ पनि त्यहीं स्थिति छ। त्यसकारणले यति भयावह स्थिति छ कि हामी जाजरकोटमा त २ बोतल मिनरल पानीले ३ जना मान्छेले हामीले मुख धोयौं। त्यहाँको होटल व्यवसायीहरू मिनरल पानीबाट चाहिँ भात पकाउन बाध्य छन्। पानी भन्ने कुरा त सामान्य मान्छेलाई चाहिने कुरा हो नि। मुहानहरू सुकेका छन्। र त्यतातिर राज्यको ध्यान जान सकेको छैन। यसतर्फ सम्माननीय अध्यक्षज्यूमार्फत म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। त्यहाँ विशेष गरेर जाजरकोटमा चाहिँ हामीलाई के कुरा भन्नुभयो भने २०० जना मान्छेहरू यहाँ बहिरा नामाङ्कित भएका छन्। र यो भूकम्पमा उहाँको त्यो श्रवण यन्त्र यताउता भयो। अहिले उहाँहरूसँग त्यो श्रवण यन्त्र किन्ने पैसा पनि छैन। त्यो खालको उहाँहरूको पहुँच पनि छैन। उहाँलाई धेरै समस्या परिरहेको छ। सरकारले त्यो श्रवण यन्त्रको व्यवस्था गरोस् भनेर माग राख्नुभएको छ। म पनि यो कुराको माग गर्न चाहन्छु।

त्यहाँ सुनियो कतिपय बस्तीहरू बस्न लायक नै छैनन्। सर्भेबाट बस्तीहरू सार्ने कुरा पनि त्यहाँ गरिएको छ। तर जुन बस्ती सार्ने भनिएको छ, ती बस्तीमा बस्ने बस्तीवासीहरूलाई थाहा छैन कि हाम्रो बस्ती सार्ने भन्ने प्रतिवेदन बनेको छ भन्ने कुरा छैन। म सम्माननीय अध्यक्षज्यूमार्फत के अनुरोध गर्न चाहन्छु भने यस्ता कुराहरूलाई हामीले जानकारी दिनुपर्छ। कुन कुन बस्ती सार्नुपर्ने हो, त्यो छलफल गर्नुपर्छ भन्ने कुरा राख्न चाहन्छु। यो पुनर्निर्माण कार्य सुरु गर्नुभन्दा पूर्व केही हामीले तयारी गर्नुपर्ने अवस्था देखिन्छ। भूकम्प प्रभावितहरूको नाम पोर्टलमा दर्ता सरल बनाउनुपर्यो, पुनर्निर्माणसम्बन्धी कार्यविधि तत्काल पठाउनुपर्यो। कार्यविधि पनि सरल छैन भन्ने कुरा आइरहेको छ, यसमा सोच्नुपर्यो। धेरै दक्ष कामदारको आवश्यकता पर्नेवाला छ। दक्ष डकर्मी र सिकर्मी उत्पादनका लागि तालिम सञ्चालन गर्नुपर्ने छ। प्राविधिकहरूको आवश्यकता छ। पालिकामा भएका प्राविधिकहरूको सङ्ख्या अपुग छ भने अर्को दक्षताको कमी छ। भएकालाई तालिम र थप दक्ष प्राविधिकको व्यवस्था त्यहाँ गर्नुपर्ने आवश्यकता त्यहाँ देखिन्छ। सुरक्षित आवासबारे वडाध्यक्षदेखि सदस्यहरू र समाजका अगुवाहरूलाई सुसूचित गराउनुपर्ने आवश्यकता देखिन्छ। ५ लाख पठाउने भन्ने सुनिँदैछ। ५ लाखले घर बन्दैन। सहुलियत घर कर्जाको व्यवस्था गरिनुपर्छ भनेर ठुलो माग छ। पुनर्निर्माणसम्बन्धी काम गर्दा प्राथमिकीकरण गर्नुपर्ने त्यहाँको जनताको माग छ। सबभन्दा पहिला मृतक परिवारबाट हामी सुरु गरौं। त्यसपछि ज्येष्ठ नागरिक, १६ वर्षमुनिका टुहुरा, विधवा, एकल महिला र अपाङ्गता भएका व्यक्तिहरूको घर निर्माणबाट पुनर्निर्माणको काम थालनी गरौं भन्ने सुझाव छ। पुनर्निर्माणका लागि पठाइने बजेट सिधै पालिकामा पठाउने व्यवस्था

गरिनुपर्यो भन्ने माग छ। ठुलो सङ्ख्यामा जनशक्ति कामविहीन भएको छ।त्यो जनशक्तिलाई रोजगारीसँग जोड्ने कार्यक्रम ल्याउन आवश्यक देखिन्छ। संघले भवन मापदण्ड छिटोभन्दा छिटो पालिकामा पठाउने, त्यस मापदण्ड अनुसार कसैले पहिले नै घर बनाउँछ भने उसलाई पछि पनि भुक्तानी गर्ने व्यवस्था मिलाउने नीति लिन आवश्यक छ।सम्भावित बाढी, पहिरो र महामारीजन्य रोगको रोकथामको लागि पूर्व तयारी गर्नुपर्ने देखिन्छ। अब त्यहाँ झाडा पखालादेखि लिएर धेरै रोगहरू हुनसक्ने सम्भावना छ, त्यहाँ खाद्यान्नको ठुलो समस्या पर्ने वाला छ। किनकी उब्जनी गर्ने ठाउँमा त्यहाँ टहराहरू बनिरहेको अवस्था छ। त्यसकारणले खाद्यान्न समस्यालाई टार्नको लागि पनि पूर्व तयारी गर्नुपर्ने आवश्यकता छ र पुनर्निर्माणसम्बन्धी जुन कार्यविधि छ रे भन्ने सुनेको हामीले २०% स्थानीय, ३०% प्रदेश र ५०% संघले बेहोर्ने भन्ने खालको कार्यविधि छ भन्ने छ। त्यहाँका जनताहरूको भनाई के छ भने यदि यही कार्यविधि कायम रहने भने कसैको पनि घर बन्नेवाला छैन। न प्रदेशले, न संघले त्यो दायित्व वहन गर्नेवाला छ भनेर उहाँहरूले यो कुरा भनिरहनुभएको छ।त्यसकारणले म सम्माननीय अध्यक्षज्यूमार्फत यहाँ सरकारको माननीय अर्थमन्त्रीज्यू हुनुहुन्छ, म अनुरोध गर्न चाहन्छु कि कार्यविधि जनताका लागि हो, कार्यविधि जनतालाई सताउनका लागि हैन। कार्यविधि सरल हुनुपर्यो। छिटो, छरितो ढङ्गले काम गर्न सक्ने खालको हुनुपर्यो। कर्मचारीहरूले चाहिँ डर र त्रासमा काम गर्ने खालको हुनुभएन। म यो कुरा चाहिँ अनुरोध गर्न चाहन्छु। र यति भन्दै त्यो कर्णालीका पानीबाट काकाकुल, बसोबासबाट वञ्चित, स्वास्थ्यबाट वञ्चित जनताको विषयमा विशेष कार्यक्रम ल्याइयोस् भन्ने माग र अनुरोध गर्दै यहाँबाट बिदा हुन चाहन्छु। धन्यवाद।

<u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।समय ५ मिनेट।त्यसपछि माननीय सदस्य विष्णु देवी पुडासैनी।

(१४:११ बजे)<u>माननीय सदस्य श्री विष्णुबहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, आज हामी विशेष छलफलमा उपस्थित भएका छौं।आर्थिक वर्ष २०८०/८१ को समापन हुँदैछ। र आर्थिक वर्ष २०८१/०८२ को सुरु हुने चरणमा छौं।यो अत्यन्तै महत्त्वपूर्ण समयमा गाउँपालिकामा कार्यकारी छैनन्, लेखापाल छैनन्। यो अवस्थाले आज गाउँ घरका जनता आफ्नो काम गरेको रकम नपाई तड्पिनुपर्ने अवस्था सिर्जना भएको छ। कालीकोटको सानी त्रिवेणी गाउँपालिकाको कार्यकारी अहिलेसम्म पुगेको छैन।कालिकोटकै महावी

गाउँपालिकाको लेखापाल हुनुहुन्न। यो व्यवस्था कसरी कहिले जनताले सहजरूपमा पाउने। त्यतातिर अध्यक्षमार्फत नेपाल सरकारको ध्यान आकर्षित गराउन चाहन्छु।

अध्यक्ष महोदय, अस्ति भर्खरै कर्णाली प्रदेशको दैलेख जिल्ला र सुदूरपश्चिम प्रदेशको अछाम जिल्लाको बीचमा रहेको झोलुङ्गे पुलको लठ्ठा चुँडिदा त्यहाँ १३ वटा खच्चड मध्ये २ वटा खच्चडको निधन भएको छ, दुइटा खच्चडको मृत्यु भएको छ भने ११ वटा खच्चड बचाउन उद्धार गर्ने समूह सफल भएको छ। यो अत्यन्तै दर्दनाक पीडा अहिले त्यहाँको जनताले भोगिराखेको छ। सुदूरपश्चिम प्रदेश अछाम जिल्लाको पञ्चदेवल विनायक नगरपालिका वडा नं. ९ साविक कालीगढ गाविसबाट खाद्यान्न ढुवानी गर्न आइरहेका १३ वटा खच्चड हिँडाल्दै गर्दा कर्णाली प्रदेश दैलेख जिल्लाको आठबीस नगरपालिका वडा नं. ४ जोड्ने खिड्कीज्यूलाको पुलको लठ्ठा चुँडिदा खच्चडहरू फसेका थिए। उद्धारको क्रममा ७ घण्टापछि मात्र नदीमा खसालेर ११ वटा खच्चड बचाएका छन् भने २ वटा खच्चडको मृत्यु भएको छ। यो कारुणिक पीडाले निकै नै मर्माहत बनाएको छ। यो घटना केवल उदाहरण मात्र हो। आज पनि हाम्रो पश्चिम भेगमा विभिन्न स्थानमा निर्मित झोलुङ्गे पुलहरूमा यस्ता घटनाहरू हुन सक्ने सम्भावनालाई न्यूनीकरण गर्न आवश्यक प्राविधिक अनुगमनतिर निरन्तरता दिने कामलाई व्यवस्थित गरियोस्। यो पुलको लाभ साविक कालीगढ गाविसका सम्पूर्ण जनताको दैनिक उपभोग्य सामान आपूर्ति गर्ने एक मात्र बजार दैलेखको खिड्कीज्यूला हो। बजारमा भएका जनताको दैनिक जीवनसँग जोडिएको बजारकै नजिक रहेको चण्डिका मावि कालीगढ अछाममा दैलेखबाट करीब १०० को हाराहारीमा विद्यार्थीहरू त्यहाँ दैनिक आवतजावत गरी शिक्षा आर्जन गरिरहेका छन्। यस आसपास अन्य पुलहरू पनि छैनन्। विद्यार्थीहरूको विद्यालय जाने बाटो बन्द भएको छ। जनताको जीवन शिक्षा र स्वास्थ्यप्रति सरकारको ध्यान उत्तरदायी र जिम्मेवारी पूरा गर्न उक्त पुल यथाशीघ्र निर्माणको लागि निर्माण आदेश गर्न सम्माननीय अध्यक्षमार्फत नेपाल सरकारको ध्यान आकर्षित गर्न चाहन्छु।

आदरणीय अध्यक्ष महोदय, हाम्रो ०८१।८२ को बजेटमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट विनियोजित बजेटको सारांशको लैङ्गिक हिंसा निवारण तथा मानव बेचबिखन नियन्त्रण कार्यक्रम अन्तर्गत सुनसरी जिल्लाको इटहरी उपमहानगरपालिकाको एउटा बस्तीमा डोम समुदायको परम्परागत चोया बाँससम्बन्धी सिप विकास तालिम कार्यक्रम भनेर एउटा बजेट छुट्याइएको रहेछ। अर्कोतिर सुनसरी जिल्लाकै गढी .....(समय सकिएको)

<u>**सम्माननीय अध्यक्षः**</u>- माननीय सदस्य विष्णु देवी पुडासैनी। समय ८ मिनेट। त्यसपछि माननीय सदस्य सुमित्रा बि.सी.।

(१४:१६ बजे)<u>माननीय श्री विष्णुदेवी पुडासैनी (नेपाली काङ्ग्रेस)</u>ः- सम्माननीय अध्यक्ष महोदय, हाम्रो मदन कुमारी माननीयज्यूले राख्नुभएको जुन स्थलगत निरीक्षण गरेर आउनुभयो। उहाँको कुरा सुन्दा हामीलाई पनि कताकता साह्रै नै चिन्ता पनि लाग्यो। र त्यहाँका जनताको मागहरूलाई उहाँले राख्नुभएको कुरा नेपाल सरकारले त्यसलाई पनि प्राथमिकता देओस् भनेर म चाहिँ उहाँको कुरालाई ध्यान दिएर सरकारलाई अनुरोध म पनि गर्छु। नेपाली कांग्रेसको चिन्ता भनेको जनताको संविधान रक्षाको लागि चिन्ता हो। हरेक समय नेपाली कांग्रेसले संविधानको रक्षाको लागि कटिबद्ध छ र कटिबद्ध रहन्छ भनेर पनि म यहाँहरूलाई राख्न चाहन्छु। हाम्रो माननीयज्यूले भन्नुभयो संविधानको बारेमा मलाई खुशी लाग्यो। संविधानकै कारणले आज हामी यहाँ आइपुगेका छौं। त्यसले गर्दा संविधानको रक्षा गर्नु सबैको उत्तिकै महत्त्वपूर्ण कुरा हो र त्यसको लागि माननीयज्यूहरूको कुरामा मेरो पनि त्यही समर्थन हो र नेपाली कांग्रेसको हर समय ईच्छा र चिन्ता भनेकै संविधानको रक्षाको लागि हो भन्ने कुरा यहाँहरू समक्ष म पनि राख्न चाहन्छु।सम्माननीय अध्यक्ष महोदय, लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादका चिन्तक जननायक बीपी कोईराला विश्वेश्वर प्रसाद कोइरालाले सन् १९५४ को डिसेम्बरमा जापानको टोकियोमा सम्पन्न भएको एसियाली सम्मेलनमा राख्नुभएको कुरा म यहाँहरू समक्ष म अनुरोध गर्न चाहन्छु।आज विश्वका अरु पनि देशहरूले लोकतान्त्रिक समाजवादलाई, लोकतान्त्रिक संविधानलाई मान्दै गएको कुरा पनि हामीले सुनिराखेका छौं।त्यसको लागि हामीलाई गौरव पनि लागेको छ।

सम्माननीय अध्यक्ष महोदय, हामी जनताका प्रतिनिधि हौं।जनताका जल्दाबल्दा विषयमा हामीले सरकारको ध्यान आकर्षण गर्नुपर्छ जस्तो मलाई लाग्छ।त्यसको लागि हामीले जनताका जल्दावल्दा कुराहरूलाई चाँहि अगाडि सार्नु नै पर्छ । महँगी बढ्दै बढ्दै गएको छ । महँगीको लागि निरीक्षण र नियन्त्रणको लागि कुनै व्यवस्था छैन । गृहिणीहरू भान्सा चलाउन गाह्रो भएर चिन्तित भइरहनुभएको छ? ती गृहिणीहरूको लागि पनि कुनै व्यवस्था छैन र भान्सा महँगो भएकोमा उनीहरू चिन्तित छन्। माननीय अर्थमन्त्रीज्यू यहीँ हुनुहुन्छ। सम्माननीय अध्यक्षमार्फत गृहिणीहरूको लागि पनि व्यवस्था होस्। गृहिणीहरूले साह्रै दुख पाएका छन्। भान्स महँगो छ।गृहिणीको लागि पनि भत्ता राखिदिए भैगयो नि, राख्दिनुस् न गृहिणी भत्ता म अनुरोध गर्न चाहन्छु। अर्को कुरा स्वास्थ्य साह्रै गाह्रो छ। गरीबको लागि स्वास्थ्य छैन भने पनि हुन्छ। अस्ति मात्रै एक परिवारको आमाछोरी मात्रै बस्नुहुँदो रहेछ। उहाँको चाहिँ आमा बिरामी हुनुभयो।हस्पिटल लानुपर्यो। लाने आफ्नो कोही नभएर छिमेकी गुहार्नुभयो। छिमेकीले आफूसँग भएको केही पैसा लिएर, ट्याक्सी बोलाएर वीर हस्पिटल लानुभयो।वीर हस्पिटलमा सिरियस बिरामी लाँदा बेड छैन

भनेर त्यहाँबाट पठाइन्छ। फेरि टिचिङ हस्पिटल लानुहुन्छ। टिचिङमा पनि बेड छैन। फेरि त्यहाँबाट पनि उहाँको उपचार हुँदैन। भएको अलि अलि पैसा पनि ट्याक्सी चढ्दैमा ठीक हुन्छ। के जनताले चाहिँ औषधी उपचार गरेर उपचार गर्न पाउने व्यवस्था हुनुपर्दैन? सरकारको ध्यान गरीब, निमुखाले पनि स्वास्थ्य उपचार हुन पाउनुपर्छ भन्ने हाम्रो जोडदार माग छ। त्यसको लागि म माननीय अर्थमन्त्रीज्यू यहीं हुनुहुन्छ। म उहाँलाई ध्यानाकर्षण गर्न चाहन्छु। अर्को कुरा संघीय सरकार भएको प्रदेश वागमती प्रदेश हाम्रो मकवानपुर जिल्लामा छ। हामीले मकवानपुरको प्रदेश सरकारको कार्यालय जानुपर्दा कान्तिपथ राजमार्गको अवस्था कस्तो छ? यो सबैलाई थाहा भएको कुरा छ। २०१५ सालमा गणेशमान सिंह उहाँ चाहिँ यातायात मन्त्री हुँदाका बेलामा खोलेको बाटो अहिले पनि जस्ताको तस्तै छ। त्यो बाटोलाई पनि ध्यान पुगोस् भनेर म मन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय काठमाडौंका बाटा, घाटा र ढलको अवस्था झन् अहिले एकदमै अप्ठेरो अवस्थामा छ। सबै ठाउँमा खाल्डैखाल्डा पारेको छ। त्यसलाई संरक्षण भएको छैन। ढलले गत साल बच्चा बगाएर बेपत्ता भएको कुरा हजुर हामीले थाहै पाएका छौं। त्यसले गर्दा त्यसतर्फ पनि विशेष ध्यान दिन पनि म सरकारलाई हार्दिक अनुरोध गर्न चाहन्छु। आगालागीबाट त्यत्तिको धेरै धनजनको क्षति भयो। त्यसमा पनि सरकारले त्यति विधि ध्यान दिएको जस्तो लागेन। त्यसको लागि पनि अलिकति ध्यान पुर्‍याउनपर्छ कि जस्तो लाग्छ। धेरै माननीज्यूहरूको कुरा के आइरहेको छ भने वर्षात् सुरु भैसक्यो। के वर्षातको कारणले के मात्रै हुन्छ। त्यसको लागि चाहिँ अहिलेदेखि सरकार तयार छ कि छैन? भन्नेमा सबैको चिन्ता छ। अब त्यही भनेजस्तो आगालागी भएपछि कुवा खनेर त हुँदैन। त्यसले गर्दा अहिलेदेखि नै तयार हुन पनि म सरकारलाई आग्रह गर्छु। त्यसको लागि सरकार एकदम सचेत भएर भोली आउने समस्याको लागि अहिले नै तयार हुन पनि म आग्रह गर्न चाहन्छु। संविधानलाई बलियो बनाउन प्रदेश र स्थानीय तहलाई अधिकार दिनुपर्छ। आज प्रदेश र स्थानीय तहले अधिकार पाए कि पाएनन् । त्यो बारेमा हामीले सोच्नैपर्छ। संघीयतालाई मलजल गराउने भनेकै स्थानीय र प्रदेश हो। त्यसको लागि बजेटको व्यवस्था राम्रो हुनुपर्छ। निजामती ऐन र शिक्षा ऐन अहिलेसम्म पनि अलपत्रै छ। कर्मचारी र शिक्षककहरूको निराशा बढिरहेको छ। त्यसको लागि पनि छिट्टै नै कानुन बन्नुपर्छ भन्ने मेरो आग्रह छ। वागमती करिडोर जस्तै गोकर्णको रिसोर्टबाट करीब करीब डेढ समय मिटर पर्खाल सार्‍यो भने त्यो बाटो सुन्दरीजलदेखि गुह्येश्वरीसम्म राम्रोसम्म चल्छ। त्यसको लागि पनि म आग्रह गर्न चाहन्छु। त्यसैगरी यो तिलगंगा विश्व सम्पदा सूचीको ठाउँ भनेको छ। त्यहाँ चाहिँ सुरुङमार्ग भएर पनि त्यो बाटो खोल्ने भने साँच्चै नै काठमाडौंमा धेरै हुने ट्राफिक जामलाई चाहिँ सजिलो हुन्छ भन्ने मलाई लाग्दैछ। माननीय अर्थ मन्त्रीज्यू यहीं हुनुहुन्छ। यी सबै कुरालाई ध्यान दिएर जनताका जल्दाबल्दा विषयमा हामीले साँच्चि नै सजग हुनुपर्छ .....(समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य सुमित्रा बि.सी.।समय ७ मिनेट।त्यसपछि माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१४:२५ बजे) **माननीय श्री माननीय श्री सुमित्रा बि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आज म पनि भर्खरै हामी सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको तर्फबाट कर्णाली प्रदेश गएर आएका थियौं अनुगमनको लागि। म माघमा गएको बेलादेखि भन्दा अहिले अलि अलि टिनका टहराहरू थपिएछन् । र अरु त्यहाँ जनताको स्थिति लगभग जस्ताको तस्तै छ। जाजरकोटमा केन्द्रबिन्दु पारेर खास गरी ३ वटा जिल्ला सल्यान, रुकुम, जाजरकोटमा चाहिँ बढी क्षति भएको ठाउँहरूको हाम्रो अनुगमन थियो। भूकम्पले क्षतविक्षत गरेको कुराहरू हामी सबैले सुनिरहेका छौं, जानिरहेका छौं। हामी आँखैले देखेर आयौं। र यो पश्चिम सल्यानका दार्मा गाउँपालिकाका पीडितहरू, रुकुम आठबीसकोटका पीडितहरू र जाजरकोट सदरमुकाम लगायत नलगाढका पीडितहरूले थुप्रै गुनासाहरू गर्नुभएको छ। त्यहाँ जनताको स्थिति २ किस्तामा दिने गरी ५० हजार दिने भनिएको थियो। त्यो २५ हजारको पहिलो किस्ता पनि लगभग २४०० जना ६०%ले नपाएका गुनासाहरू त्यहाँका जनताहरूले हामीलाई सुनाउनुभएको थियो। र दोस्रो किस्ताको लागि त झन् यो कार्यविधिले अप्ठ्यारो पार्यो भनेर गएको रकम पनि त्यो भूकम्प राहत कोषमै बाँकी रहेको कुराहरू हामीलाई चाहिँ त्यहाँका पीडितहरूले बताउनुभयो। र त्यहाँ टिनका टहरा बनाउनुभएकाहरू पनि तातो भएर टहरामा बस्न नसकिने अनि साँपको सर्प डसन त्यत्तिकै र मानसिक रोगीहरू त्यहीं भएको, हत्या हिंसा भएका कुराहरू हामीले सुनिराखेका छौं र देखिराखेका छौं। यो विपद्को बेलामा सरकारले आज लगभग साँढे सात महिना भैसकेको हामी सबैलाई थाहा छ। २०८० साल कार्तिक १७ गते भूकम्प गयो। यो साँढे सात महिनासम्म पनि हामीले छिटो, छरितो गरेर जसरी त्यहाँ पहिला सुरुमा उद्धार गर्दाखेरि छिटो, छरितो गरियो।

त्यो अनुसारको अहिले हाम्रो त्यहाँ व्यवस्थित गर्नका निम्ति यो कार्यविधिको कारण अलिकति ढिलासुस्ती भएको गुनासो जनताहरूले गरिराखेका छन् र यो ढिलासुस्तीलाई समाधान गर्नका निम्ति तुरुन्तै यो कार्यविधिलाई सुलभ ढङ्गले व्यवस्थापन गरेर त्यहाँका जनताहरूलाई यो पहिलो किस्ता, दोस्रो किस्ता, अस्थायी टहरा बनाउने कुरो मात्रै हैन पुनर्निर्माण गर्नका निम्ति पनि सरकार छिटो, छरितो लागोस् भन्नेमा म माग गर्न चाहन्छु। त्यहाँ चाहिँ जनताहरू यो भूकम्पले हल्लाएको कारण होला पानीका मुहानहरू सुकेका छन्, काकाकुल छन्। त्यसकारणले पानीको ठुलो समस्या छ। र विपत्तिहरू, आगजनीहरू त्यस्तै भइरहेका छन्। त्यसकारणले त्यहाँका जमीनहरू चिराचिरा भएका

छन्। आउँदो मनसुनसँगै त्यो चिरा परेका ठाउँहरूमा पानी पर्यो भनेदेखि ठुलो बाढी पहिरो आउने, ठुला धनजनको क्षति हुने कुराहरू हामीले त्यहाँ देखेर आयौं। यसको बारेमा सरकारलाई गम्भीर हुन म अनुरोध गर्न चाहन्छु। र यस्तै गरेर सुर्खेतको राजधानीमा पनि पानीको काकाकुलै छ। र भेरी लिफ्ट सिँचाइको योजनाहरू सुरु भए पनि यसलाई चाहिँ अलिकति छिटो छरितो ढङ्गले सञ्चालन गर्नका निम्ति सरकार अलि गम्भीर भएर लागोस् भन्ने म हार्दिक अनुरोध गर्न चाहन्छु।

यो कोहलपुर-सुर्खेत सडकलाई ४ लेनको बनाउने भन्ने नीतिहरू बनिरहने तर यो कार्यान्वयन नहुने र यसका लागि पर्याप्त बजेटहरू नछुट्टिने भएको कारण यसलाई पर्याप्त बजेट छुट्याएर बेलैमा यो राजमार्गलाई पूरा गर्नका निम्ति सरकारले ध्यान दिनेछ भन्नेमा विश्वास गर्न चाहन्छु । र यो पूर्वाधार सुर्खेतको वीरेन्द्रनगरमा रहेको विमानस्थललाई चाहिँ यसलाई फराकिलो गर्नको निम्ति र भौतिक पूर्वाधारहरूको विकास गर्नका निम्ति सरकारले सोचोस् र कर्णाली प्रदेशको सुर्खेत जिल्लाबाट पनि अरु सबै जिल्लाहरूमा हवाईजहाजको सुविधा गर्नका निम्ति सरकारले ध्यान पुर्याओस् भन्ने म अनुरोध गर्न चाहन्छु। कर्णाली करिडोर, सुर्खेतदेखि हुम्ला यो भेरी करिडोर, सुर्खेतदेखि डोल्पा, कर्णाली राजमार्ग, कालीकोट, मुगु, रारा हुँदै नाम्चे नाङ्लासम्म जाने सडकहरूलाई अहिलेसम्म कर्णाली प्रदेशमा गौरवका राजमार्गहरू घोषणा नभएका कारणले यस्ता राजमार्गहरूलाई राष्ट्रिय गौरवका राजमार्गहरू सरकारले घोषणा गरेर, आवश्यक बजेट छुट्याएर बेलैमा पूरा हुने गरी सरकार लागोस् भन्ने म अनुरोध गर्न चाहन्छु। र यो घोषणा गरेका राष्ट्रिय गौरवका आयोजनाहरूलाई पर्याप्त बजेट छुट्याएर बेलैमा द्रुत गतिमा यो सम्पन्न गर्नका निम्ति यो सरकार लागोस् भन्ने माग गर्दै, अनुरोध गर्दै अर्थमन्त्री यहीं हुनुहुन्छ, यो बजेट छुट्याइएको छैन भने पनि अझै पनि यसलाई विचार गर्नका निम्ति म नेपाल सरकारका अर्थ मन्त्रीलाई म हार्दिक अनुरोध पनि गर्न चाहन्छु। र यी समस्या खनेपानी भनेका संविधानले दिएका मौलिक हकका बारेमा कर्णालीमा सबै जिल्लाहरूमा लगभग उस्तै हो। तैपनि राजधानीमा धरी नहुनु भनेको एकदमै लाजमर्दो कुरो जस्तो पनि हो। त्यसकारणले बत्ती नभएर, पानी नभएर हाहाकार हुन परेका कर्णालीका जनताहरूलाई, यातायात नभएर बाँचेका जनताहरूलाई राहत मिलोस् भन्दै .....(समय सकिएको) ।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य विष्णु कुमारी सापकोटा। समय ६ मिनेट। त्यसपछि माननीय सदस्य उर्मिला अर्याल।

(१४:३३ बजे) <u>माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काङ्ग्रेस)</u>:- सम्माननीय अध्यक्षज्यू, अहिले यो जलवायु परिवर्तनका कारण हाम्रा हिमालहरू काला पहाड भएका छन् भने

पहाडबाट धेरै नागरिकहरू, लाखौं नागरिकहरू तराईमा झरेका छन्। आज तराईमा गर्मीको एकदम उच्च तापक्रमले गर्दा त्यहाँ धेरै मान्छेहरू अहिले अलपत्र परेका छन्। अब यसका लागि अहिलेका मौसमविद्हरुले पनि नागरिकहरूलाई एकदम तर्साउने समाचारहरू राखिराखेका छन् । जस्तो यो अहिले मौसम यो मनसुन सुरु हुँदै गर्दा ठुलो वर्षात् हुने समाचारले गर्दाखेरि धेरै मान्छेहरू त्रसित छन् । तराई डुब्ने र पहाड भत्किने कुरामा धेरै त्रसित छन्। र बाटाहरू भत्किएका छन्। निर्माणाधीन बाटाहरू जस्तो मुग्लिन, नारायणगढ, बुटवलका बाटाहरू अत्यन्तै लथालिङ्ग अवस्थामा छन्। त्यस्तै मुगलिन पोखरासम्म पनि त्यो बाटो निर्माणाधीनमै छ।यी बाटाहरूलाई समयमै हामीले निर्माण गराउन सक्यौं भने हाम्रो मुख्य बाटाहरू सर्वसाधारण मान्छेहरूलाई आवतजावत गर्नका लागि सुविधा हुनेछ। र यसको लागि नागरिकहरूलाई सुरक्षा दिनको लागि समयमै सरकारले सोचोस्। यसको लागि ध्यानाकर्षण गराउन चाहन्छु।

र यसैगरी हामी कृषिप्रधान देशका नागरिकहरू हौं।हाम्रो परिचय चाहिँ हामी नेपाल कृषिप्रधान देश भनेर परिचय दिने गरेका छौं। र आज देशमा हामीले आफूलाई पुग्ने प्रशस्त खाद्यान्नहरू तरकारी फलफूल पनि उत्पादन गर्न सकेका छैनौं। हामी परनिर्भर हुनुपरेको छ।हाम्रा लाखौं युवा शक्तिहरू आज विदेशिएका छन्। र यसै सन्दर्भमा हाम्रो देशमा प्रकृतिका स्रोतहरूमा धनी पनि छौं, प्रशस्त मात्रामा छन्।तर यिनलाई परिचालन गर्न हामीले जानिराखेका छैनौं।मैले एउटा उदाहरण दिन चाहन्छु। नवलपरासीको डण्डामा एकजना एउटा सामान्य परिवारका सञ्जय गिरी भन्ने। उहाँले आफूले थोरै ऋण खोजेर, १-२ लाख ऋण खोजेर उहाँले एउटा खेर गइरहेको सालको पात। यो सालको पात पहाडमा पनि हुन्छ, तराईमा पनि हुन्छ। उहाँले अहिले त्यसैबाट दुना, टपरी र विभिन्न प्रकारका प्लेटहरू बनाएर उहाँले चाहिँ विदेशमा पैठारी गर्नुभएको छ। उहाँले वार्षिक लाखौंभन्दा पनि बढी ती सामग्रीहरू विदेश पैठारी गर्नुभएको छ। र अहिले उहाँ एकदम सामान्य परिवारको मान्छे अहिले उहाँले पैसाहरू पनि कमाइसक्नुभएको छ। यो वास्तवमा कृषिलाई प्लाष्टिकजन्य सामग्रीहरूले कृषिको एकदमै घातक हो, विष हो। कृषिलाई उत्पादन गर्नको लागि, त्यो प्लाष्टिकजन्य सामानहरूलाई हटाउनको लागि हामीले सके त निषेध गर्ने हो। आज विदेशले, विदेशीहरूले हाम्रो नेपालमा भएको अर्गानिक पातहरूको टपरी, प्लेटहरू प्रयोग गरिराखेका छन् भने आज हामीलाई विदेशीबाट, विदेशले पैठारी गरेका प्लाष्टिकहरू प्रयोग गरेर हामीले चाहिँ हाम्रो माटोहरूलाई पनि एकदम विषालु बनाएका छौं। त्यसकारण प्लाष्टिकजन्य सामग्रीहरूलाई बढीभन्दा बढी कर लगाइयोस्। माननीय अर्थमन्त्रीज्यू पनि यहीं हुनुहुन्छ। र त्यो कर यहाँको दुना, टपरी, त्यो प्लाष्टिकको प्लेटभन्दा हाम्रो दुना, टपरी सस्तो भयो भने मान्छेहरूलाई त्यो दुना, टपरीलाई

प्रयोग गर्छन्। यसले हामीहरूलाई धेरै सुविधा पनि हुन्छ। र बेरोजगार धेरै साथीहरूले रोजगार पनि पाउन सक्छन्।

त्यसले गर्दाखेरि हामीले जस्तो अब हाम्रो माननीय अर्थमन्त्रीज्यूले अस्ति यो बजेट वक्तव्य प्रस्तुत गर्दाखेरि भिरेको ब्यागले अल्लोको निकै चर्चा परिचर्चा पायो। अब मैले भनिराख्नुपर्दैन। उहाँ पनि रोल्पाकै हुनुहुन्छ। र विशेष गरेर ती भेगमा रोल्पा, रुकुम यी ठाउँहरूमा अल्लो प्रशस्त हुन्छ। बागलुङ धेरै ठाउँमा । ती अल्लोहरूलाई पनि हामीले एउटा खेतीकै रूपमा त्यहाँका केही कृषकहरूले त गर्नुभएको छ। अझ त्यसलाई विस्तृतरूपमा अगाडि बढाएर हामीले त्यो ब्याग मात्रै हैन त्यसबाट बन्ने कोट, टोपीहरू हामीले धेरै उत्पादन गर्न सक्छौं। त्यसलाई पनि हामीले बाहिर बजारमा ल्याउन सक्यौं भने हाम्रो एउटा आय आर्जनको त्यो पनि एउटा महत्त्वपूर्ण उपाय हुनेछ।

र यसै गरेर मानव बेचबिखनसम्बन्धी कुरा गर्दाखेरि १० वर्षभन्दा अगाडि मानव बेचबिखन भन्ने शब्द आउने बित्तिकै हामीले के बुझ्थ्यौं भने महिला तथा बालबालिका। यिनीहरू बेखबिखन हुन्छन् भन्ने कुरा बुझ्थ्यौं भने आज मानव बेचबिखनमा समग्र हाम्रा महिला, बालबालिका, युवाहरू सबै पर्नुहुन्छ। यसमा मानव बेचबिखनसम्बन्धी प्रत्येक वर्ष मानव अधिकारसम्बन्धी प्रतिवेदन पेश गर्दछ। जसमा गत वर्ष ४३,५०० व्यक्तिहरू प्रभावित भएका छन् यो मानव बेचबिखनमा। तर दुखको कुरा के छ भने यो भन्दै गर्दा यससम्बन्धी फौजदारी मुद्दा प्रहरी मानव बेचबिखन विरुद्धको मुद्दा शाखामा जम्मा ३०० भन्दा बढी मुद्दा दर्ता नहुनुको कारण के हो? यो चाहिँ उहाँहरूले किन दर्ता गर्न सक्नुभएको छैन? यससम्बन्धी पनि हामीले उहाँहरूलाई अलिकति चेतना अभिवृद्धि गर्न जरुरी छ। धेरै मान्छेहरू विदेशमा गएर आज मानव बेचविखन .....(समय सकिएको) ।

<u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य उर्मिला अर्याल। समय १० मिनेट।

(१४ः३९ बजे)<u>माननीय श्री उर्मिला अर्याल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>ः- सम्माननीय अध्यक्ष महोदय, मेरो ध्यान आकर्षण एक दुईवटा समाचारबाट भएको छ र त्यस सँगसँगै केही विषयहरू राख्न चाहन्छु। गोरखापत्र जेठ २८ गते सोमबारको अछामको पञ्चदेवल विनायक नगरपालिका-९ र कालीकाँडा र दैलेखको आठबीसकोट नगरपालिका, अघि उल्लेख पनि भैसकेको छ, कर्णालीको कुरा हो। कर्णाली र सुदूरपश्चिम जोड्ने झोलुङ्गे पुलको लठ्ठा भाँचिएर जसरी १३ वटा घोडाहरू त्यहाँ परेका थिए। त्यसपछि दुईवटा घोडा मरे, खच्चड भन्नुहुन्छ क्यारे उहाँहरूले सानो घोडा सामान ओसार्नेलाई। त्यस्तै अर्को समाचार छ यहाँ। कारोबार दैनिक २९ जेठ पृष्ठ ६ मा। सडक पुगेपछि लेकमा भेंडीगोठ बनाउँदै बागलुङ, पूर्वी रुकुम, रोल्पाका भेंडा

गोठाला, भेंडा बाख्रा, गाई-भैंसी लिएर चरनको लागि आउँदैछन् र पहिले यी गाईवस्तुहरू चरनको हिसाबले जब वर्षात् लाग्ने बेला आउँथ्यो, सबै तल झार्नुपर्ने र फेरि माथि जाने मौसम अनुसार। यो समाचार दुईवटाको हिसाबले मैले के भन्न खोजिरहेको छु भने यहाँ राख्न खोजेको समाचार चाहिँ। जहाँ यो यातायात सुविधा र बाटो पुल पुलेसाहरू व्यवस्थित हुन थाल्छ। त्यहाँ जनताले धेरै सुविधाहरू प्राप्त गर्ने। र त्यसलाई फेरि एउटा पुनर्जीवन दिन सक्ने वातावरणहरू बन्छ। र त्यो हिसाबले यो दुईवटा तुलना गरियो। तर यो खच्चड, त्यहाँ दुईवटा खच्चड मरे। बच्चाहरू स्कूल गएका, पुलपारि स्कूल गएका उतै बसिरहे। यता आएका सुदूरपश्चिम आएका सुदूरपश्चिमै रहिरहे, उनीहरू फर्किन पाएनन्। यो कर्णालीका चाहिँ कर्णालीपट्टि नै रहन गए, उता सुदूरपश्चिममा गएका बच्चाहरू घर फर्किन सकेनन्। थुप्रैको चाहिँ रोजीरोटी गयो, अनि त्यो पुल सकिएपछि अब कहिले बन्ने हो। त्यो छुट्टै समस्या छ। त्यसकारणले हातमुख जोड्ने समस्या भएकाहरूले पनि एकदमै दुख पाएका छन्। अब यस हिसाबले अर्को पनि मैले एउटा उदाहरण दिन चाहन्छु। २०५८ सालमा बनेको झोलुङ्गे पुल मर्मतसम्भार एकचोटि पनि भएको रहेनछ अहिलेसम्म। त्यसकारणले यो पुलहरूको नियमित मर्मतसम्भारको कुरालाई चाहिँ ध्यान दिने कि नदिने भन्ने एउटा विषय छ र यो एकदमै जनसरोकारको विषय हो। त्यो पुलको मर्मत व्यवस्थित र समय समयमा भैराखेको भए त्यो दुर्घटना हुने थिएन। त्यस्तै २०७४।०७५ तिर मधेश प्रदेशकै कुरा म राख्न चाहन्छु। रौतहटको लाल बकैयामा नामुद देशमा चर्चित ठेकेदारले पुलको थुप्रै ठाउँमा ठेक्का पाएका थिए। र त्यहाँ पनि पुल बनाउँदा बनाउँदै उनले त्यो पुल आधा नै छोडेका थिए। आजसम्म ती ठेकेदारलाई पक्राउ गरेर खोजबिन गर्ने कामहरू भएको छैन। र वर्षौं छाडेको त्यो आधा पुल मात्रै निर्माण गरेर छोडिएको थियो। वर्षातमा बाढी आयो। मानिसहरू डुङ्गाबाट खोला पार गर्न लाग्दा अधुरो छाडिएको पुलमा ठोक्किएर थुप्रै मान्छे मरे, केही मान्छेको मात्र उद्धार हुनसक्यो। ती ठेकेदार पछि राजनीतिक दलका नेता भए र राजनीतिक प्रभावका बलमा एकपछि अर्को समाचारहरू प्रसारित भए थुप्रै ठेक्काहरू लिए सबै ठाउँमा अधुरो भएको

(१४:४२ बजे)<u>पीठासीन</u>:- सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहाल।

<u>माननीय श्री उर्मिला अर्याल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-देशैभरिबाट नाम, चर्चा थुप्रो रह्यो। राज्यको आर्थिक स्रोतको दुरुपयोग गर्दै राजनीतिक पहुँच बढाउने, अनि कारवाहीमा पनि नपर्ने, यो खालको दण्डहीनताको खोजी हुने कि नहुने? यस्तो खालको दण्डहीनताको खोजी राज्य र सरकारले गर्नु अत्यन्त जरुरी छ। अब हामी ती सम्पूर्ण लेखाजोखाहरूलाई यहाँ लिएर

आउँ। र संसदमा यो जानकारी आउनु जरुरी छ। जनताको जीवनसँग खेलबाड गर्ने, राज्य स्रोतको अपचलन गर्नेलाई कारवाही कहिलेदेखि गर्ने? अझ पुनः उसैले देशैभरि जसो धेरै ठेक्का प्राप्त गर्ने, निर्माणको काम पाउने, जनताको जीवनसँग खेलबाड गर्न यी सन्दर्भ हुन्। यसमा मेरा केही सुझावहरू म राख्न चाहन्छु। यो हाम्रो पृष्ठभूमि र सन्दर्भहरू छ। त्यसका बनेका अब राज्यले गर्नुपर्ने केही कुराहरू मैले छोटो सुझाव मात्र राखेको हो। राज्यले थुप्रै गरिराखेको छ। तर यी मार्मिक विषयहरूमा राज्य कसरी प्रस्तुत हुने भन्ने हिसाबले चाहिँ बनेका झोलुङ्गे पुलहरूको हरेक वर्ष नियमित निरीक्षण मर्मतसम्भार गर्नुपर्ने एउटा नियमित, गर्नैपर्ने एउटा बाध्यकारी तरिकाले हामीले यसलाई एउटा नियमन गर्नुपर्ने स्थिति देखिएको छ। नचुँडेसम्म त्यसै छोड्ने हैन, त्यसलाई पक्की पुल बनाएर व्यवस्थित गर्ने, झोलुङ्गे पुललाई पक्की पुल बनाएर चाहिँ हामीले त्यसलाई पुनर्स्थापित गर्नुपर्ने, थुप्रै अझै पनि तुइनहरूमा झुण्डिएर बच्चाहरू स्कूल जाने, महिलाहरूलाई घाँस काटेर आउँदा त्यसैमा झरेर कतिपय महिलाहरूको मृत्यु हुने, यी तमाम समस्याहरू जुन छन्। ती तुइनहरूलाई कम्तीमा झोलुङ्गे पुलले व्यवस्थित गर्नुपर्ने, त्यसलाई विस्थापित गरेर जानुपर्ने र झोलुङ्गे पुल अति चल्ने ठाउँ र त्यहाँ आवश्यकता बोध भएको ठाउँमा साँच्चिकै पक्की पुल निर्माण गरेर यसको व्यवस्थापन गर्नुपर्ने, यो सडक सञ्जालको प्राथमिकता साथ योजना आउनुपर्ने र निर्माण गर्नुपर्ने, जहाँ मान्छेलाई दिनचर्याको लागि तुइनमा झुण्डिएर डेली हिँड्नुपर्ने त्यो उसको एकदम प्रारम्भिक आवश्यकता हो। झोलुङ्गे पुलमा भए पनि उसलाई जीविका चलाउनका लागि श्रम गर्नुपर्ने, खच्चडहरू सामान बोकाएर ल्याउनुपर्ने त्यहाँको आवश्यकता र जीवन निर्वाहको पाटो हो।

स्कूल पढ्ने बच्चाहरू ओहोरदोहोर गर्ने बाटो नै बन्द भएपछि स्कूल कसरी चल्छ र त्यहाँ बच्चाहरू कसरी घर पुग्छन्? भन्ने कुरो एउटा जटिल अवस्था हो। यी तमाम चीजहरूलाई हेर्दा अब म संसदबाट केही कुराहरूको माग पनि राख्न चाहन्छु। राज्यको उच्च तहमा बस्नेलाई प्रभावकारी उन्मुक्त तवरले राज्यस्रोतको दोहन गर्ने र अपचलन गर्ने सम्पूर्ण निर्माण ठेकेदारहरूको हरहिसाबसहितको प्रतिवेदन पेश गर्ने र अपचलन भएको स्रोतहरू कसरी प्राप्त गर्नेसहितको प्रतिवेदन पेश गर्न भौतिक पूर्वाधार मन्त्रालयलाई जानकारी प्रतिवेदन पेश गर्न म अनुरोध गर्दछु। त्यस्तै विगतमा लापरवाही भएको र लापरवाही गरेको सम्पूर्ण ठेकेदारहरूको ठेक्कापट्टाहरूको काम पूरा भएका, नभएकाहरूको सबै विवरण सदनमा जानकारी गराउन, आगामी दिनमा यस्ता लापरवाहीलाई कसरी नियमन गर्ने भन्ने ठोस प्रस्तावसहित सरकारबाट आओस् भन्ने माग गर्दछु। भौतिक पूर्वाधार मन्त्रालयले संवेदनशील र अति आवश्यकता भएका ठाउँको अवस्था र त्यसबाट प्राप्त गर्न सक्ने प्रतिफल, उत्पादन, आर्थिक विकाससँग जोडिएका सडक सञ्जाललाई प्राथमिकता दिनुपर्ने हिसाबले नयाँ योजनाहरू अब आउँदाखेरि त्यसरी लिएर आउन पर्यो र यसबाट हामीलाई आर्थिक प्रतिफल

कति हुन्छ, जनताहरू कसरी लाभान्वित हुन्छन्। कहीँ आफूलाई चाहिएको ठाउँमा आवश्यकता नभएकै ठाउँ पनि थुप्रै सडक हुने अनि सडक निर्माणको ठेक्कापट्टा लिने, निर्माण नगर्ने, राज्य स्रोतको दोहन गर्ने, उच्च ओहोदामा पुग्ने र जिम्मेवारी पूरा नगर्ने सडक पुलहरू निर्माणको ठेक्का लिएर काम नगर्नेहरूको प्रतिवेदन तयार गरी अनि सूची र विवरणसहितको जानकारी सदनमा गराउन म माग गर्दछु। त्यसैगरी अपचलन गरेर जिम्मेवारी पूरा नगरेको ठेकेदारहरूबाट सम्पूर्ण पैसा रकम मुद्रास्फिति र ब्याजसमेतको असुलउपर गरी राज्यकोषमा जम्मा गर्ने र तत् तत् ठाउँका योजना पूरा गर्न सरकारले प्राथमिकता दिई तत् ठाउँहरूको निर्माण कार्य पूरा गर्न हुन अनुरोध गर्दछु। योजनाहरू माग भएका ठाउँमा त्यहाँको आवश्यकता, खाँचो र जटिलताहरूलाई केलाएर योजनाको प्राथमिकता निर्धारण गर्नुपर्ने बहुआयामिक प्रतिफल दिने गरी योजना निर्माणलाई प्राथमिकता दिनुपर्ने हिसाबले चाहिँ योजनाहरूलाई पेश गर्नुपर्ने र कार्यान्वयन गर्नुपर्ने। शहर बजारमा हालसालै हामी समाचारमा सुनिराखेका छौँ। कतिपय ठाउँमा कस्तो आवश्यकताहरू छन्, त्यहाँ चाहिँ हामी मान्छेको जीवनसँग खेलबाड हुने गरीकन तुइनमा झुण्डिएर हिंड्नुपर्ने, झुण्डिएर मान्छे कति मर्ने, त्यसबाट खसेर मर्ने, घाँस दाउरा र जीवन कष्टकर जीवनमा वास्ता नहुने र अर्कोतर्फ थुप्रो थप्रो पैसा र अर्थको अभाव पनि होइन। तर त्यो अर्थको दुरुपयोग गरी आजसम्म हालसम्म असुल उपर नभएको सम्पूर्ण आर्थिक स्रोतहरू जुन ठेक्कापट्टामा गएको छ। त्यो अधुरो निर्माणको चाहिँ लेखाजोखा गरेर त्यो सम्पूर्ण असुली गर्ने आज हाम्रो दायित्व बनेको छ। र म यो संसदबाट त्यो माग गर्दछु। त्यो सम्पूर्ण असुली ठेकेदारहरूबाट होस् र त्यो पैसालाई पुनः जहाँ हामीले विनियोजित गरेर कार्यान्वयन गर्ने भनिएको थियो, त्यो ठाउँमा त्यो कार्यान्वयन होस्। शहर बजारमा एउटाले बाटो बनाउने, पेटी बनाउने अर्कोले आएर भत्काउने, त्यस्तो खर्च हाम्रो यहाँ थुप्रै भैराखेको छ। लहडका खर्चहरू भइराखेका छन्, जनताका दैनिकीका दूरदराजका जनताको आवश्यकताहरूलाई बढी भन्दा बढी प्राथमिकता दिने गरेर चाहिँ आउँदैन। आवश्यकता भएका निमुखा र मर्ममा रहेका जनताबीच स्रोत केन्द्रित गरी पुँजीगत लगानी केन्द्रित गर्नुपर्ने सुझाव राख्दछु। धन्यवाद।

(१४:४९ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई राष्ट्रिय मानव अधिकार आयोगको २३ औं वार्षिक प्रतिवेदन २०७९/८० र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको पाँचौं वार्षिक प्रतिवेदन २०७९/८० सभासमक्ष पेश गर्न समय उपलब्ध गराउँछु।

(१४:५० बजे) <u>माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्मा</u>:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय मानव अधिकार आयोगको २३ औं वार्षिक प्रतिवेदन २०७९/८० र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको पाँचौं वार्षिक प्रतिवेदन २०७९/८० यस सम्मानित सभासमक्ष पेस गर्दछु। धन्यवाद।

(१४:४९ बजे) <u>सम्माननीय अध्यक्ष</u>:-माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री वर्षमान पुनलाई "विधायन व्यवस्थापन समितिका प्रतिवेदनसहित सुरक्षित कारोबार पहिलो संशोधन विधेयक २०८०, माथि छलफल गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउँछु ।

(१४:५० बजे) <u>माननीय अर्थ मन्त्री श्री वर्षमान पुन</u>:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित सुरक्षित कारोबार पहिलो संशोधन विधेयक, २०८०" माथि छलफल गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१४:५१ बजे)<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यस प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहितको सुरक्षित कारोबार पहिलो संशोधन विधेयक २०८०, माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहितको "सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८०" माथि छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सोसम्बन्धी विधेयकका दफाहरू तथा अनुषांगिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँछु। उक्त छलफलमा बोल्न चाहनु हुने माननीय

सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीलाई ३ मिनेटभित्र उपलब्ध गराउनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिनुहुने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

माननीय सदस्य देवेन्द्र दाहाल।

(१४:५२ बजे) माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले):- सम्माननीय अध्यक्ष महोदय, यो सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०८० यो सभामा प्रतिवेदनसहित विधायन व्यवस्थापन समितिले प्रतिवेदन बुझाएर यो आज छलफलको रूपमा आएको छ। र यो १८ वर्ष पछाडि पहिलो संशोधनको रूपमा आएको छ। र १८ वर्षको बीचमा धेरै परिवर्तनहरू भएका छन्। विश्वव्यापीकरण, आर्थिक उदारीकरण र सूचना प्रविधिमा आएको ठुलो परिवर्तनको कारणले गर्दाखेरि यसलाई संशोधन गर्नुपरेको हो। र सन् १९९० को दशकपछि हाम्रो देशमा आर्थिक उदारीकरणको क्रम चाहिँ सुरु भएको, अझै त्योभन्दा अगाडि २०४२/४३ देखि नै यो उदारीकरण सुरु भएको हो।र खास गरी भन्ने हो भने यो विधेयक विधायन व्यवस्थापन समितिमा व्यापक छलफल भएको छ। म पनि त्यही विधायन व्यवस्थापन समितिको सदस्य भए पनि र यसको महत्त्वको बारेमा र मुलुकको आर्थिक विकासको लागि अधिकतम आर्थिक क्रियाकलाप हुनु जरुरी छ। त्यसको लागि ठुल्ठुला उद्योगधन्दाहरू र ठुल्ठुला कारोबारहरू मात्र हैन, सानसाना कारोबारहरू पनि भयो भने आर्थिक गतिविधिले तीव्रता पाउँछ। त्यसको साथसाथै, देशको विकासको लागि ठुला, मझौला र साना उद्योगहरूको स्थापना, सञ्चालन हुनुको साथसाथै कृषि तथा खाद्यान्न उत्पादनबाट रोजगारी सिर्जना हुनुको साथै देश आत्मनिर्भरतातर्फ उन्मुख हुँदै जानेछ। त्यस्तै मुलुकको सर्वाङ्गीण विकासको लागि साना साना व्यवसायहरू पनि सुरक्षित कारोबारको माध्यमबाट सञ्चालित हुने कुराले पलायन हुँदै गरेको युवा जनशक्तिलाई पनि देशमै रहेर र उद्यमशीलताको रूपमा अगाडि बढाउन सकिन्छ मद्दत गर्दछ। र राष्ट्रिय सभामा उत्पत्ति भएको यो विधेयक विधायन व्यवस्थापन समितिमा व्यापक छलफल भएर आएको छ र छिटो भन्दा छिटो यसलाई हामीले पारित गरेर प्रतिनिधिसभाबाट पनि यसलाई छिटो पारित गर्न आवश्यक छ। त्यसपछाडि देशको विकासले तीव्रता लिन्छ। यो संशोधन विधेयक पारित भइसकेपछि देशको अर्थतन्त्रले तीव्रता पाउँछ भन्ने विश्वास राख्दै म यो विधेयक छिटोभन्दा छिटो पास होस् भनेर आग्रह पनि गर्न चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य कमला पन्त।

(१४:५५ बजे)**माननीय श्री कमला पन्त (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, हामीले भर्खर अर्थमन्त्रीज्यूले पेश गर्नुभयो, छलफलमा आएको छ। सुरक्षित कारोबार, विधायन व्यवस्थापन समितिले प्रतिवेदनसहित बुझाएको। र यो विशेषतः राष्ट्रियसभाबाट नै उत्पत्ति भएर आएको ऐन भएकोले र यसलाई राष्ट्रियसभामा नै पहिला प्रवेश गराउनुभएकोमा म आभार पनि व्यक्त गर्न चाहन्छु। यसलाई छिटो, छरितो हुनसक्छ भन्ने विश्वास हामीले लिएका छौं र पहिला लेनदेन हुन्थ्यो। हामी वस्तु विनिमयको आधारमा लेनदेन गर्ने गर्थ्यौं। अहिले आएर यो विश्व नै आधुनिकीकरणमा गएको अवस्थामा यो आधुनिक प्रविधिको प्रयोग धेरै हुँदै गयो र प्रविधिलाई पनि अहिले सुरक्षित गर्ने गरेर हरेक किसिमको अहिले चाहिँ धितो राखिन्छ। तर अहिले भर्खर हामीले देख्यौं। धेरैले आफूले लगानी गरेको लगानी पनि डुबेको अवस्था छ। धितोलाई कसरी धितो राख्ने र निमुखाहरूले पनि त्यो धितोबाट धितो राखेका वस्तुहरूलाई कसरी असुली गर्नेदेखि लिएर धेरै कुराहरू यसले समेटेको छ। विधायन व्यवस्थापन समितिमा संशोधनसहित धेरै लामो छलफल भयो। छलफलपछि यहाँ प्रवेश गरेको छ। यसले अलिकति सहयोगै गर्छ यसमा विश्वसनीयता बढ्दै जान्छ जस्तो लाग्छ, २०६३ देखि अहिलेसम्म आउँदाखेरि, प्रयोग गर्दै जाँदाखेरि ऐन कानुनहरूको पनि कहाँनेर कमी कमजोरी हुन्छ भन्ने कुरा थाहा हुन्छ र यसलाई संशोधन गर्न जरुरी देखेर यो छलफलमा आयो। छलफलमा आइसकेपछि यसलाई चाहिँ निर्णयमा तत्काल पुर्याउनका निम्ति जरी तदारुकता देखाइएको छ। यसले केही राम्रै सन्देश दिन्छ भन्ने विश्वास मैले लिएको छु। र यो सर्वसम्मतका साथ विधायन व्यवस्थापन समितिमा छलफल भएर विधेयक आएको छ। त्यसैले यो समग्रमा भन्ने हो भने सम्पूर्ण युवाहरू, जोखिममा परेको यो आर्थिक स्थिति सबैलाई यसले सहयोग पुर्याउँछ भन्ने मैले विश्वास लिएको छु। यति भन्दै बिदा हुन्छु। मौका पाएको बेलामा म एउटा चाहिँ आज मैले अघि पनि उठाएँ । २ वर्षसम्म मैले त्यही कुरा उठाएको छु। जनजीविकाका सवालहरू चाहिँ सदस्यहरूले उठाउने, सरकार चाहिँ मौन बस्ने, कहिले पनि जवाफ दिन नपर्ने यो परिस्थितिको सिर्जना भएको छ। अध्यक्षज्यूले रुलिङ गर्नुहुन्छ भन्ने मलाई विश्वास छ।

(१४:५९ बजे)**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहितको सुरक्षित कारोबार ऐन पहिलो संशोधन विधेयक २०८० माथि छलफल गरियोस् भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म माननीय अर्थ मन्त्री वर्षमान पुनलाई छलफलमा उठेका प्रश्नको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१४:५९ बजे) **माननीय अर्थ मन्त्री श्री वर्षमान पुन**:- सम्माननीय अध्यक्ष महोदय, सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको यो विधेयक पहिले पूर्ण सभामा पेश भएर त्यसमाथिका छलफलहरू भएर फेरि विषयगत समितिमा गएर र विषयगत समितिमा पनि छलफलहरू भए। र त्यहाँ विषयगत समितिमा सुरुका दिनमा म आफै उपस्थित थिएँ। अन्तिममा पास गर्दा पनि म विषयगत समितिमा पनि उपस्थित थिएँ। त्यसैगरी विषयगत समितिमा भएका हरेक छलफलमा मन्त्रालयका तर्फबाट प्रतिनिधिहरू उपस्थित भएर सचिव लगायतका कानुनतिरका साथीहरू अन्य विज्ञ साथीहरू उपस्थित भएर त्यहाँ माननीय सदस्यहरूका संशोधनहरू, आवश्यक चाहिँ केही मिलाउनुपर्ने प्रसँगहरू सबै मिलाएर परिमार्जनसहित यहाँ प्राप्त भएको छ प्रतिवेदनको रूपमा । र त्यसमा माननीय सदस्यहरूबाट थप टिप्पणीहरू सुझावहरू आएको छ। खासगरी यसलाई सर्वसम्मत रुपले पास गरौं। छलफल हामी विषयगत समितिबाट पनि सर्वसम्मत रुपले आएका छौं भन्ने प्रसङ्ग पनि यहाँ उल्लेख भइसकेको छ। त्यसैले यसबाट एउटा हौसला, प्रेरणा मिलेको छ कि समितिमा पर्याप्त छलफल भएको छ। सरकारको तर्फबाट रेस्पोन्स गर्नुपर्ने कुराहरू रेस्पोन्स भएको छ। र यसले आजको युग सुहाउँदो खास गरी सुरक्षित कारोबार गर्ने नयाँ प्रविधिहरू आएका छन्- सूचना प्रविधि, विश्वव्यापीकरण, आदि कुराहरू छन्। साथै, यो ऐन हामी जुन रूपमा बनाइयो। जुनरूपमा तदारुकताका साथ कार्यान्वयन हुनुपर्थ्यो, त्यो रूपमा पनि भएको रहिनछ र यो संशोधनपछि यो व्यावहारिक हुन्छ, समयसापेक्ष हुन्छ र यो कार्यान्वयन हुन्छ। जसले जनताको दैनिक कारोबार, जसमा खासगरी यसमा विभिन्न धितोसम्बन्धी व्यवस्थाहरू छ। र त्यस क्रममा एउटा केसम्म व्यवस्था छ भने खासगरी तत्काल चाहिँ व्यवसाय गरिराखेको अथवा चाहिँ प्रोडक्सनकै अवस्थामा भइराखेका चाहिँ वस्तुलाई पनि धितो राख्ने खासगरी जस्तैः- माछा पोखरी छ, त्यसैलाई धितो, कुनै फलफूल वा तरकारी बगानहरू छ, कि आँप आउँदै गरेको छ। त्यसलाई धितोमा राखेर, त्यो चाहिँ आइसकेपछि, पाकिसकेपछि टिपेर त्यसलाई चाहिँ चुक्ता गर्न सकिने, स्याउको चाहिँ बोटलाई, सुन्तलाको बोटलाई पहिले नै यस्तो खालको चाहिँ कुनै पंक्षी फर्महरू होला, पशु फर्महरू होला, त्यो कुरालाई पनि धितोको रूपमा व्यवस्थित गर्ने कुराहरू आएको छ। यसले अझ जनताका जीवनलाई कारोबारलाई सुरक्षित पनि गर्छ, व्यवहारिक पनि गर्छ। र यसले चाहिँ हाम्रो कारोबारलाई अझ व्यवस्थित गर्छ भन्ने नै सरकारको विश्वास छ। मैले यहाँ उठेका माननीयज्यूहरूका सकारात्मक कुराहरूलाई यहीरूपमा रेस्पोन्स गर्न चाहन्छु। धन्यवाद।

(१५:०३ बजे)<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहितको सुरक्षित कारोबार पहिलो संशोधन विधेयक, २०८० माथि छलफल गरियोस् भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म सुरक्षित कारोबार पहिलो संशोधन विधेयक २०८० का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १४ सम्म उल्लेखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यस प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ, सुरक्षित कारोबार पहिलो संशोधन विधेयक २०८० का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १४ सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म सुरक्षित कारोबार पहिलो संशोधन विधेयक २०८० का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १४ सम्म उल्लेखित संशोधनहरू सुरक्षित कारोबार पहिलो संशोधन विधेयक, २०८० को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ, सुरक्षित कारोबार पहिलो संशोधन विधेयक, २०८० का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १४ सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले सुरक्षित कारोबार पहिलो संशोधन विधेयक २०८०, को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ४५ सम्मका दफाहरू सुरक्षित कारोबार पहिलो संशोधन विधेयक २०८० को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ, विधेयकको दफा २ देखि ४५ सम्मका दफाहरू सर्वसम्मतिले सुरक्षित कारोबार पहिलो संशोधन विधेयक २०८० को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु।

प्रस्तावनाः सुरक्षित कारोबार ऐन २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले संघीय संसदले यो ऐन बनाएको छ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सुरक्षित कारोबार पहिलो संशोधन ऐन २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम "सुरक्षित कारोबार पहिलो संशोधन विधेयक २०८० को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ, विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले "सुरक्षित कारोबार पहिलो संशोधन विधेयक, २०८०" को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री वर्षमान पुनलाई "सुरक्षित कारोबार पहिलो संशोधन विधेयक २०८० लाई पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१५:०६ बजे) <u>माननीय अर्थ मन्त्री श्री वर्षमान पुन</u>ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "सुरक्षित कारोबार पहिलो संशोधन विधेयक २०८० लाई पारित गरियोस्" भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१५:०७ बजे)<u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ, सुरक्षित कारोबार पहिलो संशोधन विधेयक २०८० लाई पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल असार ४ गते मङ्गलबार अपराह्न १३:१५ मा बस्ने गरी यो बैठक यहीँ स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल असार ४ गते मङ्गलबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो)।

**स्थगितः १५:०७ बजे।**